नेवा सेकुवा पसः
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२

यहाँ शुद्ध खसी र कुखुराको
मासुका परिकार पाइन्छ ।

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
epratekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ कात्तिक ११ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 October 28 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ६६

## पथलैया–वीरगंज छ लेन व्यापारिक मार्ग
# अढाई वर्षमा गर्नुपर्ने काम छ वर्षमा पनि बन्दै

प्रस, जीतपुर, १० कात्तिक/

वीरगंज–पथलैया ३१ किलोमिटर छ लेन सडक निर्माणको काम ७६ प्रतिशत पूरा भएको व्यापारिक मार्ग विस्तार योजना वीरगंज–पथलैया सडक कार्यालयका सूचना अधिकारी सम्पतलाल दासले बताएका छन् ।

२०७३ सालदेखि शुरू भएको यो योजना तोकिएको समयभन्दा निकै बढी समय बितिसक्दा पनि सम्पन्न हुन सकेको छैन ।

२०७३/३/२९ मा ठेकेदार कम्पनीहरूसँग सम्झौता भएको र सोही वर्षको साउन १ गतेदेखि सडकखण्ड निर्माण कार्य शुरू भएको थियो ।

सम्झौता अनुसार तीस महीना अर्थात् २०७५ माघ मसान्तसम्म यो सडकखण्डको काम सम्पन्न हुनुपर्ने थियो । तर तोकिएको समयभन्दा करीब तीन वर्ष बढी बितिसक्दा पनि अहिलेसम्म ७६ प्रतिशत मात्र काम सम्पन्न भएको छ ।

सूचना अधिकारी दासले विभिन्न कारणवश म्याद थप गर्नुपर्ने बाध्यता आइपरेको र अब अन्तिमपटकका लागि चालू आवको चैत मसान्तसम्मको समय सीमा दिइएको बताए । उनले अब कुनै पनि बहानामा म्याद थप नहुने र चैत मसान्तसम्म कार्य सम्पन्न गर्न नसक्ने ठेकेदार कम्पनीविरुद्ध कानूनी कारबाई अवलम्बन गरिने चेतावनी दिएका छन् । उनले निर्माण सामग्री, निर्माणस्थल, प्राविधिक पाटो, कोरोनालगायतका कारण म्याद थप हुँदै आएको भएपनि अबको म्याद अन्तिम भएको बताए ।

सरकारको निर्णयबाट चैत मसान्तसम्म म्याद थप भएको प्रस्ट्याउँदै उनले तोकिएको समयमा कार्य सम्पन्नताको लागि ठेकेदार कम्पनीलाई निरन्तर दबाब दिने जानकारी गराए ।

सूचना अधिकारी दासले व्यापारिक मार्गको वीरगंज–पथलैया सडकखण्ड अन्तर्गत पथलैया चोकदेखि सूर्य नेपाल सिमरासम्म ९४ प्रतिशत, सूर्य नेपालदेखि सैनिक ब्यारेक जीतपुरसम्म ५५ प्रतिशत, सैनिक ब्यारेकदेखि परवानीपुरसम्म ८० प्रतिशत, परवानीपुरदेखि गण्डकचोकसम्म ९१ प्रतिशत, परवानीपुरदेखि गण्डक नहरसम्म ६० प्रतिशत, गण्डक नहरदेखि हरपतगंजसम्म ८३ प्रतिशत, हरपतगंजदेखि श्रीसिया सुक्खा बन्दरगाहसम्म ६६ प्रतिशत सडक निर्माण भएको र समग्रमा ७६ प्रतिशत कार्य सम्पन्न भएको बताए ।

यसैगरी, छ लेन सडकखण्डको सूर्य नेपालदेखि सेनाको ब्यारेकसम्म छ किमी दूरीको सडक निर्माणमा ढिला हुँदा आवतजावतमा समस्या छ । यो क्षेत्रमा सडक निर्माणको जिम्मेवारी पाएको शर्मा युनाइटेड/दिवा निर्माण सेवाका प्रतिनिधि खगेन्द्र न्यौपानेले अबको एकाध दिनमा कार्य शुरू हुने बताए । उनले कार्य शुरू भएको तीन महीनाभित्र सडक निर्माणको बाँकी कार्य सम्पन्न हुने बताए ।


तस्वीरः प्रतीक





# पालिकामा सबैभन्दा बढी धोबिनी गापामा बेरुजू

प्रस, वीरगंज, १० कात्तिक/

पर्सामा रहेका १० गाउँपालिकामध्ये सबैभन्दा बढी बेरुजरु रु १० करोड ३१ लाख धोबिनी गाउँपालिकामा देखिएको छ ।

१४ वटा स्थानीय तहमध्ये एक महानगर, तीन नगरपालिका र १० गापा रहेकामा अन्य गापाको तुलनामा दोब्बर बेरुजू धोबिनी गापामा भेटिएको महालेखापरीक्षकको प्रतिवेदनले देखाएको छ ।

आर्थिक वर्ष २०७६/७७ मा भएको लेखापरीक्षण अनुसार महालेखापरीक्षकको कार्यालयले यो तथ्याङ्क सार्वजनिक गरेको हो । सोमध्ये सीधा भुक्तानी गरेबापत रु ३ करोड २ लाख ४६ हजार बराबरको कागजात पेश गर्नुपर्ने, रु ३ करोड २९ लाख नियमित तथा रु ३ करोड ७८ लाख पेश्की असुल गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ ।

सो आर्थिक वर्षमा गापाले फुटहा जस्तो रकम वितरण तथा आँखा चिम्लेर भुक्तानी गरेको देखाइएको छ । कोभिडको बेला सो गापाले रु २ करोड खर्चेको छ । कोभिड सङ्क्रमितहरूका लागि खाना, औषधिलगायत बन्दोबस्तीका सामान खरीदमा उक्त रकम खर्चिएको छ । गापाको गुरुयोजना (डिपिआर) बनाउन दुईवटा कम्पनीलाई रु ३५ लाख भुक्तानी गरिएको छ । सौर्य सिंचाइ प्रणाली जडानको डिपिआर बनाउन इम्पेरियल इन्जिनीयरिङ कन्सल्टेन्सीलाई रु १५ लाख ३९ हजार तथा गापाको सडकको डिपिआर बनाउनका लागि ओरियल कन्सल्टेन्सी काठमाडौंलाई रु १९ लाख ९९ हजार भुक्तानी दिएको छ । भुक्तानी दिए पनि अहिलेसम्म डिपिआर भने बनेको छैन । यतिमात्र हैन गापाको कार्यालयले ओरियल कम्पनीसँग आव २०७६/७/२० सम्झौता गरी २०७६/८/२० अर्थात् १३ दिनमा भुक्तानी दिएको थियो । तर कम्पनीले तीन महीनाको श्रमिक बिल भरपाई गापामा पेश गरेको छ । त्यसैगरी, अर्को कम्पनीलाई छ दिन काम गरेबापत भुक्तानी गरेको छ र श्रमिक बिल भरपाई ६० दिनको कम्पनीले पेश गरेको छ । काम नगरी भुक्तानी दिएकोले ती दुवै कम्पनीले गापासँग ठगी गरेको देखिन्छ । त्यतिमात्र हैन गापाले दुवै कम्पनीलाई यातायात खर्चबापत जनही रु २ लाख ५० हजार दिएको देखिन्छ । सो गापाले घोडदौडा पिपराको ओरिया खोलामा झोलुङ्गेपुल निर्माण गर्न उपभोक्तामार्फत रु ९५ लाखमा सम्झौता गरेकोमा २०७७/१२/२८ सम्म कामको प्रगति १० प्रतिशत तर पटक–पटक गरी रु ४४ लाख भुक्तानी दिएको देखिन्छ ।

प्राविधिक मूल्याङ्कन नगरी सो भुक्तानी दिएकोमा प्रमुख प्रशासकीय अधिकृत तथा गापा प्रमुखको मिलेमतो रहेको देखिन्छ । अहिले दुई वर्ष बित्यो तर केही काम भएको छैन । त्यसैगरी, प्राविधिक मूल्याङ्कन नगरी सौर्य इनर्जी प्रालिलाई रु ४९ लाख भुक्तानी दिएको छ । मालेपले ३० जना कर्मचारीलाई करारमा राखी बर्सेनि एक करोड भुक्तानी दिनु गलत भएको बताएको छ ।

गापाको आफ्नो भवन भएपनि वीरगंजमा ओमप्रकाश यादवको घर भाडामा लिएर मासिक रु २५ हजार दिनुको औचित्य नरहेको मालेपको भनाइ छ । सो गापाले खाना र विविध खर्चमा रु ३९ लाख ९३ हजार खर्च गरे पनि बिल भरपाई भने पेश गरेको छैन । सुनौलो नेपाल सामाजिक संस्थाले २०७७ असार २२ देखि २४ गतेसम्म सञ्चालन गरेको विपद् व्यवस्थापनसम्बन्धी कार्यक्रमबापत रु ५ लाख भुक्तानी लिएको छ । सो गापाले कर्मचारी भ्रमण आदेश प्रतिवेदनको आधारमा रु १७ लाख, तीनजना कर्मचारी र दुईजना जनप्रतिनिधिलाई योजना भ्रमणबापत रु ६ लाख ९० हजार भुक्तानी दिएको छ ।

गरेको र कार्यालयले २०७६/७/२० मा कार्यादेश दिएको छ। कार्यादेश बमोजिम कार्य
२०७६/८/३ मा कार्य सम्पन्न गरेको जनाई रु १९९२८४०।६५ भुक्तानी माग गरेको
माग गर्दा खर्चको विवरणमा प्राविधिक जनशक्तिहरुको ३ महिनाको पारिश्रमिक माग गरेको
१३ दिन मात्र गरेको देखिएको छ। यसरी काम गरेको दिन भन्दा बढी दिनको निम्नानुसार
प्राविधिक जनशक्तिको भुक्तानी माग गरे अनुसार बढी भुक्तानी भएको रु ६८२१७६।००
यथार्थता पहिल्याई असुल गर्नुपर्ने रु....

| सि.न. | व्यक्ति | संख्या | भुक्तानी गरेको दिन | काम गरेको दिन | पारि महि |
|---|---|---|---|---|---|
| १. | टिम लिडर | १ | ९० | १३ | ३ |
| २. | डिजाइन इन्जिनियर | २ | ९० | १३ | ३ |
| ३. | जियोटेक्निकल इन्जिनियर | १ | ९० | १३ | ३ |
| ४. | हाइड्रोलोजिष्ट | १ | ९० | १३ | ३ |
| ५. | सर्भेयर | २ | ९० | १३ | ३ |
| | जम्मा | | | | |

कन्सल्टेन्सीले भुक्तानी माग गर्दा प्राविधिक जनशक्तिको पारिश्रमिक रु ७९७३४१।०० हु
जोडजम्मा फरक परी रु १२३३०९६।०० भएको छ । यसरी जोडजम्मा फरक परेको

## राष्ट्रिय जनगणना २०७८
## मेरो गणना–मेरो सहभागिता

**जनगणनामा विशेषगरी**

अल्पसङ्ख्यक समुदाय देशका दूरदराज र पिछडिएका क्षेत्रमा बसोवास गर्ने मानिस, आमसञ्चारको पहुँचबाट पर रहेका समुदाय, रोजगारको लागि अत्यधिक व्यस्त रहनुपर्ने व्यक्तिहरू छुट्ने सम्भावना धेरै हुन्छ । त्यसैले, आफ्नो घर, टोल, छिमेक, बस्ती समुदाय आदिमा कोही छुटेको थाहा पाइएमा पैसा नलाग्ने फोन नम्बर ११७८ मा फोन गरी जानकारी दिऊँ ।

**गणना गर्ने अवधि** : कात्तिक २५ देखि मङ्सिर ९ गतेसम्म ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# ज्येष्ठ नागरिकका लागि निश्शुल्क बससेवा

प्रस, कलैया, १० कात्तिक/

देवताल गाउँपालिकाको कार्यालयले ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गसमेतलाई सामाजिक सुरक्षाभत्ता लिन बैंकसम्म जानका लागि निश्शुल्क सवारीसाधनको व्यवस्था गरेको छ ।

गापा प्रमुख चन्दन सिंहले सामाजिक सुरक्षाभत्ताका लागि बैंकसम्म आउन ज्येष्ठ नागरिकसमेतलाई सहजता प्रदान होस् भनेर गापाले रु ३९ लाखमा बस खरीद गरी सेवा शुरू गरेको बताए ।


तस्वीरः सौजन्य

उनले सामाजिक सुरक्षाभत्ताका अलावा गापाका विद्यार्थी, स्वास्थ्यकर्मी, किसानलगायतको भ्रमण, सेमिनार आदिमा बससेवा निश्शुल्क प्रदान गरिने बताए ।

## विचारसार एवं सूक्तिहरू

**खुट्टामा लाग्ने चोटले सतर्क भएर हिंड्न सिकाउँछ र मनमा लाग्ने चोटले समझदारीपूर्वक बाँच्न सिकाउँछ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# न भूतो न भविष्यति

**'जति जोगी आए कानै चिरेका' भन्ने उखान अहिले नेपालको न्याय क्षेत्रमा पनि देखिन थालेको छ । मनमानी, स्वार्थ, आफूखुशी निर्णय, उचाल्ने–थचार्ने कामका लागि नेपाली राजनीति बदनाम थियो, त्यो रोग अब न्यायालयमा सरेको पुख्ता प्रमाण यस कुराले दिएको छ–प्रधानन्यायाधीशविरुद्ध सर्वोच्चका २२ मध्ये २० न्यायाधीश र कानून व्यवसायीद्वारा सर्वोच्चमा बहस रोक्का । देशमा जतिजति उत्तम राजनीतिक व्यवस्था र सर्वोत्तम संविधान बन्दै गएको छ, चारैतिर त्यसै मात्रामा लथालिङ्ग छरपस्ट भइरहेको छ । राजा महेन्द्रले त आफ्नो हित रक्षाका लागि 'नेपालमा बहुदलीय व्यवस्था अफाप छ' भनेका थिए । तर दलहरूको सोच र कार्यशैलीले महेन्द्र नै सही थिए भन्ने प्रमाणित गर्न खोजिरहेको छ । विधिको शासन भएको कुनै पनि मुलुकमा सबै क्षेत्रको काम तिनको चेन अफ अर्डर अनुसार हुन्छ । तर नेपालमा दलहरूले कहिले प्रहरी, कहिले सेना, कहिले न्यायालय आदिमा यो चेन अफ अर्डर भङ्ग गर्ने प्रयास गरे । सेनाले त प्रतिकार गर्‍यो, प्रहरीमा केही समय क्रमभङ्गता चलेर अहिले सही गोरेटो समाएको देखिएको छ । अब न्यायालय त्यस बाटोमा हिंड्न खोजेको छ ।**

**पदको रक्षा लोकतन्त्रमा व्यक्तिले गर्दैन । व्यक्तिले त देश र जनहितमा जहिले पनि पदलाई तिलाञ्जलि नै दिन्छ । बाहिर विदेशमा मन्त्रालयको सानो गल्ती हुँदा मन्त्री स्वयं कानूनी तवरले जिम्मेवार नहुँदा पनि नैतिकताको आधारमा राजीनामा दिन्छ । नेपालमा भने कसैले न गलहत्याएसम्म पद छाड्ने उदाहरण शायदै होला । आफ्नै दलको सरकार खसाउने कार्य नेपालबाहेक अन्यत्र भएको बिरलै सुन्न पाइन्छ । यहाँ त दलपिच्छे त्यो प्रवृत्ति पाइन्छ । कुनै ठूलो पदमा नियुक्ति, खासगरी राजनीतिक नियुक्तिमा त देश भाँडमा जाओस्, अयोग्य भए पनि आफ्नै मान्छे चाहिन्छ । विश्वमा प्रायः मुलुकमा गठबन्धनको सरकार छ, तर मजाल छ कुनै पनि दलले उच्च पदमा नियुक्तिका लागि भागबण्डाको जिद्दी गरेको होस् ! राजदूत, प्रतिष्ठित संस्थान, राष्ट्रिय गौरवका आयोजना, न्यायाधीशहरूको नियुक्तिमा दलीय भागबण्डा प्रखर हुन्छ भने अहिले सर्वोच्चले खेप्नुपरेको वितण्डाबाहेकको दशा बुद्धिमानले सोच्नै सक्दैन । बितेको केही वर्षको सर्वोच्चको गतिविधि हेर्ने हो भने प्रधानन्यायाधीश नै विवादास्पद देखा पर्दै आएका छन् । जसले सबुत प्रमाणको आधारमा कसैलाई दोषी र कसैलाई निर्दोषी साबित गर्नुपर्ने हो उहीविरुद्ध सार्वजनिकरूपमा गलत प्रमाण प्रस्तुत हुन्छ भने यसभन्दा लज्जास्पद कुरा के हुन सक्छ ?**

**यी सबै भाँडभैलो राजनीतिक चरित्रको सबभन्दा कमजोर कडी हो । योग्यता नभएको व्यक्तिलाई उसले धान्न सक्नेभन्दा ठूलो पद दिनु र उसबाट आफ्नो पक्षमा निर्णय गराउने कुकृत्यले आज सर्वोच्चमा लोक हँसाउने स्थिति उत्पन्न भएको छ । गठबन्धन सरकारलाई प्रधानन्यायाधीशका ज्वाइँलाई मन्त्री बनाउनुपर्ने, जो सांसद पनि छैन, कुन ठूलो दरकारले आग्रह गर्‍यो ? त्यस्तै नभइ नहुने दरकार थियो भने किन पदबहालीसँगै राजीनामा माग गरियो ? राजनीतिमा प्रधानन्यायाधीशको हस्तक्षेपको यो नाङ्गो प्रमाण हो । कानूनसम्मत कुराका लागि त राजनीति जहिले पनि न्यायालयकै भर पर्ने हो । तर त्यो आग्रह संस्थाप्रति हो, व्यक्तिप्रति होइन । यति हुँदा पनि चोलेन्द्र शमशेर राजीनामा दिंदैनन् । भोलि महाभियोग लागेर निस्कनुपर्दा, उनलेभन्दा बढी देशले शर्म बेहोर्नुपर्छ, त्यसको आभास पनि उनलाई छैन ।**

# स्थानीय चुनावको आहट

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**कतिपयले दीपावली वा छठको समयमा आफूले आफैंलाई उम्मेदवारको रूपमा घोषणा गर्ने तयारी पनि गरेका छन् । छठघाट वा अन्य धार्मिक काजमा आफूलाई ठूलो चन्दादाताको रूपमा प्रस्तुत गरेका छन् । यस्ता कार्य गर्नु भनेको चुनावमा जित्नको लागि निर्माण गरिएको आधार हो ।**

अहिले स्थानीय तहको निर्वाचनको मिति घोषणा भइसकेको छैन तर स्थानीय तहको निर्वाचनको आहट समाजमा आइसकेको देखिएको छ । निर्वाचन आयोगले पनि सर्वसाधारणले अनुमान लगाएको जस्तै गरी चैतको पाँच गतेभित्र स्थानीय तहको निर्वाचन गराउने वातावरण मिलाउन सिफारिश गरेको छ । आयोगको भनाइ के रहेको छ भने पाँच वर्षभित्र चुनाव गराउने नियम रहेको भएपनि दुई महीना पहिले निर्वाचन गराउनुपर्नेछ भनेर अर्को नियममा लेखिएकोले पहिलो स्थानीय तहको निर्वाचन जेठ ५ गते भएकोले चैत ५ गतेसम्म दोस्रो स्थानीय तहको निर्वाचन गराउनुपर्ने हो । यसरी आयोगले सरकारलाई निर्वाचनको कुरा औपचारिकरूपमा गरिसकेकोले आगामी दिनमा निर्वाचनको वातावरण झन् बन्ने देखिन्छ । सरकारमा सहभागी दलहरूले पनि तीन तहकै निर्वाचन एकैचोटि गर्नुपर्ने वा निर्वाचनको मोडेल के हुने भन्ने विषयमा विभिन्न माध्यमले विचार ल्याउन थालेको देखिन्छ । मुख्य विपक्षी दलले पनि जति छिटो निर्वाचन खोजेको अवस्था छ । तीन तहकै निर्वाचन एकैपटक भएमा कुनै आश्चर्य मान्नुपर्ने स्थिति हुँदैन किनभने तीन तहको निर्वाचन एक साथ हुँदा एकातिर देशलाई धेरै आर्थिक फाइदा हुन्छ भने अर्कोतिर समाजमा पनि तनावको वातावरण निकै कम हुन आउँछ ।

स्थानीय तहको सरकारको शक्ति देखेर पहिले प्रदेशसभा वा प्रतिनिधिसभाको सदस्य बन्ने चाहना राखेर सम्बन्धित पालिकाभन्दा आफूलाई माथि राखेर वा आफूलाई ठूलो तहको नेता भनी ठान्ने धेरैले स्थानीय सरकार प्रमुखकै लागि अहिले लालायित बनेको पाइएको छ । यस किसिमका नेताहरूले आफ्ना समर्थकहरूलाई स्थानीय तहको चुनावमा आफू उम्मेदवार हुन लागेको भन्ने प्रचारप्रसार गर्न लगाएका पनि छन् । एक किसिमले कार्यकर्ता वा समर्थकमार्फत आफ्नो विषयमा जनमतको कस्तो राय छ भन्ने बुझ्ने काम भइरहेको छ । स्थानीय तहमा आफ्नो नेतृत्वमा सरकार बनेमा के के गर्न सकिन्छ वा कसरी सञ्चालन गर्दा सर्वसाधारणलाई बढी फाइदा दिन सकिन्छ भन्नेतर्फ पनि केन्द्रित हुन थालेका छन् । आफ्नो पार्टीको ठूलो नेताले आफूलाई बिल्कुलै सादा टिकट दिएको र आफूले नाम लेखेर दिएको टिकटको भरमा अरूहरू नेता बनिसकेको तर आफू पछाडि परिसकेको भनेर बुझ्नेहरूले पनि अहिले आफूलाई नै आगामी स्थानीय तहको निर्वाचनको उम्मेदवारको रूपमा प्रस्तुत गर्न थालेका छन् । स्थानीय तहको निर्वाचनको समयमा आफूलाई स्थानीय तहको प्रमुख वा उपप्रमुखभन्दा माथिको नेता ठानेर आफ्नो मातहतका नेतालाई जिताएकाहरू जो आफू प्रदेशसभा वा प्रतिनिधिसभाको सदस्य बन्न पाए वा पाएनन्, दुवैथरीले स्थानीय तहको प्रमुखको पदमा नै बढी पावर रहेको भनेर अहिले बुझेका छन् ।

प्रदेशसभा सदस्य वा प्रतिनिधिसभा तथा राष्ट्रियसभा सदस्यले चलाउने बजेट तथा बिहानदेखि बेलुकासम्म हुनुपर्ने स्वाभाविक जनसम्पर्कको दृष्टिकोणका साथै गाउँ समाजमा देखिएको प्रतिष्ठाले गर्दा स्थानीय सरकारको महत्त्व अझ बढ्न गएको छ । एकै टोलमा प्रदेश सांसद र वडाध्यक्ष छन् भने वडाध्यक्षकहाँ सर्वसाधारण बिहानदेखि बेलुकासम्म काम लिएर पुगिरहन्छन् तर प्रदेश सांसदकहाँ भने सर्वसाधारण शायदै कुनै काम लिएर पुग्ने गर्छन् । करीब यही हालत प्रतिनिधिसभा सदस्यको पनि रहेको छ । सर्वसाधारण कुनै सिफारिश गराउन वा कुनै निकायमा केही भनिदिन वा कुनै विकास निर्माणका योजना लिएर सबैभन्दा पहिले वडाध्यक्षकहाँ नै पुगिरहेका छन्, वडाध्यक्षले पालिकाका प्रशासनिक प्रमुख वा कार्यपालिका प्रमुखकहाँ लगेर काम गराइरहेका छन् । यही अर्थमा अहिले यो देखिएको छ कि सिंहदरबार अहिले गाउँमा आएको छ । वास्तवमा स्थानीय तहको सरकारको यो पहिलो कार्यकाल भएकोले धेरै कुरा सिक्न बाँकी नै रहेको छ । धेरै कुरा सिक्न खोज्दाखोज्दै बित्न पनि लागेको छ । अझै धेरै कुरा गर्न सकिन्थ्यो जस्तो लागेको पनि छ र अब फेरि निर्वाचित भएर आएँ भने अझ राम्रो गर्न सक्छु भन्ने पनि लागेको छ तर चुनावको चर्चा हुन थालेको छ र आफूभन्दा बलिया तथा ठूला नेताहरूले चासो लिन थालेका छन् । यसले गर्दा अबको स्थानीय तहको निर्वाचनमा के होला भन्ने चिन्ता अहिलेका धेरै निर्वाचितलाई रहेको छ ।

निर्वाचन आयोगले सिफारिश गरेजस्तै वर्तमान गठबन्धनको सरकारले चुनाव गराइहाल्यो भने अब समय धेरै बाँकी छैन । कात्तिक महीनाको तिहार, दीपावली र छठ समाप्त भएसँगै अनौचारिकरूपले नेता तथा कार्यकर्ताहरू गाउँ केन्द्रित हुन थाल्ने निश्चित छ । अहिले नै धेरै नेता तथा कार्यकर्ता चुनावको माहोल बनाउन आफूलाई विभिन्न कार्यक्रममा सहभागी गराउन थालेका छन् । मुख्यगरी शुभकामना आदानप्रदानको नाउँमा धेरै नेताले गाउँमा आफूलाई प्रस्तुत गरिसकेका छन् । गाउँमा आफूलाई समर्थन गर्ने के कति छन्, कसरी समर्थन गर्लान्, कसरी अर्कातिर लागेको मानिसलाई आफूतिर तान्न सकिन्छ, कसको कुन काम गराइदिंदा कोही आफ्नो पक्षमा आउलान् भन्ने विचार गर्दै योजना पनि बनाइरहेका छन् र कतिपय नेताहरू कार्यान्वयनतिर पनि लागेको देखिएका छन् । अबको स्थानीय तहको चुनाव तुलनात्मक बढी खर्चिलो हुने, बढी प्रतिस्पर्धी हुने तथा बढी सजग हुनुपर्ने हुन्छ भन्ने कुरा उम्मेदवार हुन चाहने जति सबैले बुझिसकेका छन् । चुनावको खर्च जुटाउन वा सङ्ग्रह गर्न पनि लागिसकेका कतिपय नेताले भने चुनाव केन्द्रित खर्च पनि गर्न थालिसकेका छन् । चुनावमा आफू विजयी बन्ने आधारहरू तयार गरिरहेका छन् र आधारहरूलाई अझ बलियो बनाउने, कतैबाट कमजोर हुन नदिने तथा सम्भव भएसम्म नयाँ आधारहरू बनाउनेतिर ध्यान केन्द्रित गरेका छन् । निर्वाचितहरूले पनि आफूलाई पुनः अनुमोदित गराउन आफ्ना पुराना आधारहरूलाई भत्किन नदिन तथा बलियो किसिमले नयाँ आधारहरू तयार गर्न कार्यकर्ता तथा आफन्त र आफ्नो मनोविज्ञान एवं कूटनीतिलाई परिचालन गरिसकेका पनि छन् ।

सम्भव छ कि एकैसाथ तीन तहकै सरकारको लागि निर्वाचन हुन सक्छ । यद्यपि स्थानीय तहको निर्वाचनको अलिक चर्चा बढी भइरहेको छ । सदैव चर्चा भइरहेकै कुरा हुन्छ वा चर्चामा नरहेको चाहिं हुन्न भन्ने होइन । चुनाव त सम्पूर्ण देशलाई एक साथ लाग्नुपर्ने हो तर अहिलेको एउटा फरक दृश्य भने केही मार्मिक रहेको छ । अहिले करीब एक हजार नेपाली हरेक दिन बाहिर गइरहेका छन् । दशैंको अवधिमा पनि टीका थाप्नुपर्ने कतिपय मानिस खाली निधार परदेश पलायन भएको मार्मिक दृश्य सार्वजनिक भएको थियो । अहिले चाडपर्वहरू नजीकिएका छन्, चुनावको चर्चा चल्न थालेको छ तर विदेश पलायन रोकिएको छैन । हाम्रा जनशक्ति विदेशमा आफ्नो भविष्य देखिरहेका छन् । युवाहरूले यहाँ आफूलाई काममा लगाउन पाइरहेका छैनन् । यस परिस्थितिले चुनावमा जसको धेरै चर्चा रहेको छ, चुनावमा जो आफूलाई शक्तिशाली ठानेका छन्, आफूलाई जनताको सेवामा समर्पित बनाउने बुझिरहेका छन्, तिनीहरूको पनि ध्यान जान सकेको छैन । एकै तहको वा तीन तहकै चुनाव हुन्छ भन्ने निश्चित मिति नतोकिए पनि आगामी एक वर्षमा त सबै चुनाव हुने नै हो । देशको लागि चुनाव भन्ने कुरो त अति नै विशिष्ट महत्त्वको पक्ष हुने गर्दछ । हाम्रो जस्तो सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था सुरुआत भएको समयमा त चुनावले सर्वसाधारणलाई देशमा अझ रोक्नुपर्ने हो तर विडम्बना देखिएको छ । कोरोनाको दुई आक्रमणलाई सहेर नागरिकको अर्थतन्त्र कमजोर बनेको तथा देशको अर्थतन्त्रमा पनि प्रभाव परेको वर्तमानमा स्थानीय वा तीन तहकै चुनाव हुँदा पनि कसरी हुन्छ कम खर्चिलो बनाउनेतिर सबै दल वा दलका प्रमुख नेताहरूको ध्यान जानु जरुरी छ ।

चोक, बजार, चियापसल तथा सार्वजनिक स्थानमा स्थानीय चुनावको गन्ध फैलिन थालिसकेको छ । कतिपयले निजी खर्चमा सानोतिनो विकास निर्माण पनि गरिरहेका छन्, जनप्रतिनिधिलाई जिस्क्याउँदै । दीपावली र छठको लागि स्थानीय क्लबमार्फत नाटक प्रदर्शन गर्न तथा बाहिरबाट मनोरञ्जन गर्ने मानिस बोलाउन पनि लगानी गरिरहेका छन् । स्टेजको उद्घाटन गर्नुको अर्थ हो चुनावमा आफूलाई होमिनु भन्ने बुझेका पनि छन् । कतिपयले दीपावली वा छठको समयमा आफूले आफैंलाई उम्मेदवारको रूपमा घोषणा गर्ने तयारी पनि गरेका छन् । छठघाट वा अन्य धार्मिक काजमा आफूलाई ठूलो चन्दादाताको रूपमा प्रस्तुत गरेका छन् । यस्ता कार्य गर्नु भनेको चुनावमा जित्नको लागि निर्माण गरिएको आधार हो । स्थानीय तहको चुनावको आहट अन्य किसिमले पनि अनुभूति गरिन थालिएको छ ।

# हिमालयन डिस्टिलरीमा काङ्ग्रेस निकट श्रमिक सङ्घका एकाइ अध्यक्ष यादव विजयी

प्रस, परवानीपुर, १० कात्तिक/

वीरगंज–२१ लिपनीबिर्ताको पटेलनगरस्थित हिमालयन डिस्टिलरी लिमिटेडमा बुधवार भएको आधिकारिक ट्रेड युनियनको चुनावमा नेपाली काङ्ग्रेस निकट नेपाल कारखाना श्रमिक सङ्घ विजयी भएको छ ।

नेकपा एमालेनिकट जिफन्ट ट्रेड युनियनलाई १२ मतले पराजित गर्दै कारखाना श्रमिक सङ्घ विजयी भएको हो ।

जिफन्टको तर्फबाट एकाइ अध्यक्ष पदमा चुनाव लडेका मनोज पटेललाई पराजित गर्दै श्रमिक सङ्घको एकाइ अध्यक्षमा सुखाडीप्रसाद यादव विजयी भएको निर्वाचन अधिकृत तथा श्रम कार्यालय वीरगंजका निमित्त प्रमुख सुन्दर श्रेष्ठले जानकारी गराए ।

कुल १८८ मतदातामा दुई मत बदर भएको थियो भने यादवको पक्षमा ९९ र



सुखाडीप्रसाद यादव

पटेलको पक्षमा जम्मा ८७ मत परेको नेपाल कारखाना श्रमिक सङ्घ एकाइ सदस्य सन्तोषकुमार कुर्मीले जानकारी गराए ।

गोल्डेन ओक उत्पादन गर्ने उद्योग हिमालयन डिस्टिलरी पहिले बहुराष्ट्रिय उद्योगमा चिनिन्थ्यो ।

सिग्रामको रोयल स्टेग उत्पादन बन्द भएपछि अहिले नेपाली स्वदेशी उद्योग



तस्वीरः प्रतीक

हो । यसले रोयल ट्रिजर पनि उत्पादन गर्छ ।

यसअघि पनि नेपाल कारखाना श्रमिक सङ्घ नै दुई वर्षको लागि आधिकारिक ट्रेड युनियनमा चुनाव जितेर मजदूरहरूको हकअधिकारको पक्षमा काम गरी उद्योग निरन्तर चलाएको थियो ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अदालतको परमादेशले संविधान र लोकतन्त्र बचाएको छ -प्रम देउवा

काठमाडौं, १० कात्तिक/रासस

प्रधानमन्त्री शेरबहादुर देउवाले अदालतको परमादेशले संविधान र लोकतन्त्र बचाएको बताएका छन्। नेपाली काङ्ग्रेसको भ्रातृ संस्था नेपाल तरुण दलको ६८औं स्थापना दिवसका अवसरमा भर्खरै राजीनामा दिएका गजेन्द्र हमाल काङ्ग्रेसकै नेता भएको समेत स्पष्ट पारे । प्रधानमन्त्री देउवाले पार्टीको १४औं महाधिवेशनलाई सफल बनाउन तरुण युवाको महत्त्वपूर्ण भूमिका रहने बताए।

सो अवसरमा नेपालको लोकतान्त्रिक राम्रो काङ्ग्रेस निर्माणका लागि युवाहरू एकजुट हुन आग्रह गरे । युवाहरू देशको भविष्य र सम्पत्ति भएकाले यसलाई सही ढङ्गले परिचालन गर्नुपर्ने उनको भनाइ थियो ।

तरुण दलका पूर्वअध्यक्ष एवं पूर्वमन्त्री



तस्वीरः रासस

नेपाल तरुण दल केन्द्रीय कार्यसमितिले बुधवार यहाँ आयोजना गरेको कार्यक्रममा काङ्ग्रेस सभापतिसमेत रहेका प्रधानमन्त्री देउवाले अदालतको परमादेशले संसद्, संविधान र लोकतन्त्र बचाएको बताएका हुन् ।

“केपी शर्मा ओलीलाई संसद् भङ्ग गर्ने अधिकार संविधानले दिएको थिएन, संविधानले नदिएको अधिकारलाई दुई/दुई पटक प्रयोग गर्दा सर्वोच्च अदालतले संविधान बचाएको हो,” उनले भने । पाँच दलको गठबन्धनबाट बनेको सरकारसँग स्पष्ट बहुमत रहेकाले जनादेश छैन भन्नुको कुनै अर्थ नरहेको प्रधानमन्त्री देउवाले बताए ।

प्रधानमन्त्री देउवाले प्रधानन्यायाधीश र अदालतका बारेमा सरकार र आफ्नो पार्टीले केही नबोल्ने बताए। उनले भने, “यो अदालतभित्रको कुरा हो, उसैले यसको समाधान निकाल्न सक्छ।” उनले उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीबाट आन्दोलनमा अनवरत् योगदान गर्दै देशलाई सक्षम नेतृत्व दिएका युवाहरूका प्रेरणाका स्रोत प्रधानमन्त्री तथा पार्टी सभापति देउवालाई तरुण दलका अध्यक्ष जीतजङ्ग बस्नेतले अभिनन्दनपत्र प्रदान गरेका थिए ।

कार्यक्रममा तरुण दलका पूर्वअध्यक्ष एवं गृहमन्त्री बालकृष्ण खाँणले पार्टीलाई सबल, सुदृढ र सफल बनाउन तरुण युवाको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गरे । “काङ्ग्रेसको महत्त्वपूर्ण खम्बा भनेको तरुण हो, पार्टी बलियो बनाउन तरुण, युवाहरू एकजुट र बलियो हुनुपर्छ,” उनले भने ।

कार्यक्रममा खानेपानी तथा सरसफाइमन्त्री उमाकान्त चौधरीले लोकतन्त्रको रक्षा तथा पार्टीको विचारलाई संस्थागत गर्न र पार्टीले दिएको जिम्मेवारी पूरा गर्न तरुण युवाहरू लाग्नुपर्ने बताए। उनले तरुण दलले पूर्णता नपाएकामा चिन्ता व्यक्त गर्दै हाम्रो र महेन्द्र यादवले पार्टीलाई बलियो बनाउन तरुण दल एकजुट र क्रियाशील हुनुपर्नेमा जोड दिंदै आगामी निर्वाचनमा काङ्ग्रेसलाई बहुमत दिलाउन तरुण युवाको महत्त्वपूर्ण भूमिका रहेको बताए।

तरुण दलका अध्यक्ष जीतजङ्ग बस्नेतले पार्टीलाई बलियो बनाउन र अन्याय, विकृति र विसङ्गतिविरुद्ध सधैं तरुण दल खरो भएर उभिने बताए ।

काङ्ग्रेसका संस्थापक नेता विश्वेश्वरप्रसाद कोइरालाको सक्रियतामा विसं २०१० कात्तिक १० मा स्थापना भएको नेपाल तरुण दल विसं २०१७ पुस १ मा राजा महेन्द्रले प्रथम जननिर्वाचित प्रधानमन्त्री कोइरालालाई पक्राउ गरेसँगै निष्क्रिय अवस्थामा रहेको थियो ।

पुनः विसं २०५४ मा तत्कालीन पार्टी सभापति गिरिजाप्रसाद कोइरालाले तरुण दलको पुनर्स्थापना गरेपछि तरुण दलले आफ्नो सङ्गठनलाई विस्तार गर्दै आएको छ ।

# भूमि आयोगद्वारा जग्गा वितरणको तयारी

चितवन, १० कात्तिक/रासस

राष्ट्रिय भूमि आयोगले आगामी माघदेखि जग्गा वितरण प्रक्रिया सुरुआत गर्ने भएको छ। आयोगले भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबास गर्नेलाई जग्गा वितरण प्रक्रिया शुरू गर्ने जनाएको हो ।

आयोगका अध्यक्ष केशव निरौलाका अनुसार दलित भूमिहीनलाई प्राथमिकतामा राखेर जग्गा वितरण गरिनेछ । विघटित आयोगले ४० जिल्लामा गरेको लगत सङ्कलनका क्रममा परेको निवेदन र अन्य जिल्लामा गरी नेपालमा हाल १५ देखि १७ लाख भूमिहीन सुकुमबासी रहेको अनुमान गरिएको उनले जानकारी दिए। जग्गा वितरणका लागि अहिले आयोगले योजना तयारी गरिरहेको जनाउँदै उनले भने, “कानूनी प्रक्रिया पूरा गरेर योजना सार्वजनिक गर्छौं ।” सातै प्रदेशमा सुझाव सङ्कलन गरी कार्ययोजना बन्ने उनले जानकारी दिए । सबै दल, स्थानीय तह र नागरिक समाजको प्रतिनिधित्व गराउँदै पहिचान तथा वर्गीकरण गरिनेछ ।

वास्तविकरूपमा भूमिहीनहरूको समस्या समाधानका लागि सरकारले आयोग गठन गरेको उनको भनाइ थियो। “माघबाट ठूलो सङ्ख्यामा रहेका भूमिहीनहरूको समस्या समाधान हुनेछ,” उनले भने। पर्ती, ऐलानी जग्गा वर्षौंदेखि भोगचलन गर्दै आएको भए राज्यलाई सीमित राजस्व बुझाएर उपलब्ध गराइने उनले बताए । अधिकारसम्पन्न आयोग भएकाले नेपालमा रहेका सुकुमबासीहरूलाई तीन वर्षभित्र जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराउने गरी काम अघि बढाइएको छ । “थोरै सङ्ख्यामा पुर्जा बाँडेर चर्चा कमाउनु छैन,” उनले भने, “ठूलो सङ्ख्यामा पुर्जा बाँड्ने तयारी छ ।”

अघिल्लो आयोगले गरेका कामलाई आवश्यक छानबीन गरी निरन्तरता दिइने उनको भनाइ थियो। अध्यक्ष निरौलाले भने, “आयोगहरूले गरेका कामहरू राज्यले गरेका हुन्। आवश्यकता अनुसार छानबीन गरी अघि बढाइन्छ ।” दल र कार्यकर्ताले गरेको नभई राज्यको स्रोतसाधनको प्रयोग गरी गरिएको काममा राजनीतिक गन्ध आउन नहुने उनको भनाइ थियो ।

आयोगका उपसचिव मणि रेग्मीले आयोगले पूर्णता पाएसँगै वितरणको काम शुरू गर्ने गरी काम भइरहेको बताए । उनका अनुसार जिल्ला तहमा आयोग बनिसकेपछि स्थानीय पालिकासँग छलफल गरी वितरणको काम शुरू गरिनेछ । संरक्षित क्षेत्रमा बसोबास गरेका भूमिहीनहरूलाई कानूनले दिएको क्षेत्रमा व्यवस्थापन गरिने उनको भनाइ थियो ।

शहरी क्षेत्रमा बसोबास गरेका भूमिहीनहरूका लागि १३० वर्गमिटर र कृषि प्रयोजनका लागि १० हजार वर्गमिटरसम्म जग्गा उपलब्ध गराइने उनले जानकारी दिए ।

# बसको ठक्करबाट महिलाको मृत्यु

सप्तरी, १० कात्तिक/रासस

खडक नगरपालिका-७ कल्याणपुर चोकमा भएको दुर्घटनामा घाइते एक महिलाको बुधवार मृत्यु भएको छ। पूर्व-पश्चिम लोकमार्गस्थित कल्याणपुर चोकमा पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको को.१ख ७७८४ नम्बरको बसले ठक्कर दिंदा पैदलयात्री सोही ठाउँकी रामचरित्र भगतकी पत्नी ४५ वर्षीया ठण्डेश्वरी भगतको मृत्यु भएको प्रहरीले जनाएको छ ।

घाइते भगतलाई उपचारका लागि यहाँको रूपनीस्थित युनिक अस्पताल भर्ना गरिएकामा मृत्यु भएको चिकित्सकले बताएका छन् । शव परीक्षणका लागि गजेन्द्रनारायण सिंह अस्पताल राजविराजको शवगृहमा राखिएको छ ।

शवको परीक्षण गरी परिवारका सदस्यलाई जिम्मा लगाइने जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले बताए । बस र चालक मोरङ धनपालथान गाउँपालिका-३ का ३२ वर्षीय विनोद राजवंशीलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# कुखुरा र केराबाट मनग्ये आम्दानी

गलेश्वर, १० कात्तिक/रासस

धेरै मानिसको रहर काठमाडौंमा घर बनाउने, त्यहीं बस्ने र रमाउने हुन्छ। काठमाडौं छोडेर गाउँमा स्थानीय जातका कुखुरापालन र १४ रोपनी क्षेत्रफलको धान फल्ने खेतमा केराखेती गरेर गाउँमा धान फल्थ्यो, धानखेती गर्न लागत बढी लाग्ने, उत्पादन कम हुने, झन्झटिलो हुने र कृषि मजदूरको पनि अभाव हुने





यही रहर पूरा गर्नका लागि कैयौं व्यक्ति विदेश जान्छन् । गाउँको जायजेथा बेचेरै भएपनि दुई/तीन आनाको टुक्रे जग्गा किनेर काठमाडौंमा घर बनाउँछन् तर म्याग्दीका एक व्यक्ति कोरिया र नै रमाएर बसेका छन् ।

काठमाडौंको गोङ्गबुमा रहेको आफ्नो पाँच तले घर अरूलाई भाडामा दिएर गाउँ फर्किएका बेनी नगरपालिका-२ बगरफाँटका दुर्गाबहादुर थापाको दैनिकी कुखुरा र केराखेतीको स्याहारसुसारमा बित्ने गर्छ ।

करीब २० वर्ष कोरिया बसेर फर्किएका थापा काठमाडौंमा घर बनाएर एक दशकसम्म होटेल व्यवसायमा पनि लागे । आफ्नै घरमा सञ्चालन गरेको सपना गेस्ट हाउस अहिले अर्कैलाई भाडामा दिएको उनले बताए ।

बिहान उठेदेखि राति नसुतुन्जेलसम्म उनी कुखुराको खोर र केराबारीमा नै व्यस्त रहन्छन् । काठमाडौंको बसाइलाई बिट मारेर गाउँ फर्किएका ५४ वर्षीय थापाले गाउँमा रहरलाग्दो गरी कुखुरापालन र केराखेती गरेका छन् । रु आठ लाखको लगानीमा उनले स्थानीय जातका कुखुरापालन गरेका छन् । “खोर बनाउन र कुखुराका चल्ला खरीद गर्न रु आठ लाख लगानी भइसकेको छ,” थापाले भने, “काठमाडौंको एकाकी जीवनभन्दा यही आनन्द छ । आफ्नै माटोमा रमाउनुको मज्जै बेग्लै हुँदो रहेछ। मनमा शान्ति छ, शरीरमा स्फूर्ति छ, यहाँभन्दा बढी के चाहियो र ?”

दुई वर्षअघि कोभिड-१९ को सङ्क्रमण शुरू हुने बित्तिकै पत्नी, छोरा र बुहारीसहित गाउँ फर्किएका थापाले कोरोना सङ्क्रमणको पहिलो लहर शुरू हुने बित्तिकै आठ रोपनी जग्गामा करीब एक हजार केराका बिरुवा लगाएर कृषि कर्मको शुभारम्भ गरे। “यो खेतमा पहिला भएकाले मैले धान फल्ने खेतमा केराखेती गरेको हुँ,” घरपछाडिको केराबारीलाई देखाउँदै थापाले भने, “दुई वर्ष भयो, अब आउँदो वर्षदेखि केरा बिक्री गरेर वार्षिक रु चार लाखभन्दा बढी कमाई गर्ने लक्ष्य लिएको छु।” थापालाई उनकी पत्नी र छोराले पनि सघाउने गरेका छन् । त्यसैगरी, थापाले यस क्षेत्रमा नै पहिलोपटक व्यावसायिकरूपमा स्थानीय जातका कुखुरापालन गरेका छन्। उनको खोरमा अहिले ६०० भन्दा बढी स्थानीय जातका कुखुरा बिक्री गर्नका लागि योग्य भएका छन् ।

प्रतिकुखुरा करीब तीन किलोग्राम बराबरका छन्। प्रतिगोटा रु दुई हजारका दरले बिक्री गर्न शुरू गरेका छन्। दशैंमा विशेष छुटका साथ कुखुरा बिक्री गरेको थापाले बताए । “मैले रहरले गरेको व्यवसाय हो, एकैपटक धेरै नाफा कमाउने उद्देश्यले मैले व्यवसाय गरेको होइन, ग्राहकलाई खुशी बनाएर पठाउने र सन्तुष्टि दिलाउने मेरो प्रयास हुनेछ,” उनले भने। घरवरिपरि रहेको १४ रोपनी जग्गामध्ये आठ रोपनीमा केराखेती र बाँकी ६ रोपनीमा फलफूल, तरकारी खेती गर्नाका साथै कुखुराको खोर बनाएका छन् । सानाठूला गरी तीनवटा खोरमा उनले स्थानीय जातका कुखुरा पालेका छन् । एउटा खोरमा कालिज प्रजातिको ‘कक्कड’ नामक कालो कुखुरा पनि बिक्रीयोग्य भएका छन् ।

“जीवनमा धेरै दुःख गरियो, धेरै थोरै कमाइयो पनि,” उनले भने, “तर कहीं पनि मन रमाउन सकेन, यसैले आफ्नै गाउँ फर्कियौं ।”

# केरा बगानमा क्षति

राजविराज, १० कात्तिक/रासस

अविरल वर्षासँगै एक साता अगाडि आएको हावाहुरीका कारण सप्तरीको खडक नगरपालिका-१० स्थित केरा बगानमा ठूलो क्षति भएको छ। झन्डै १५ बिघा क्षेत्रफलमा लगाइएको केरा बगानमा तयार हुन लागेका तीन हजार ५०० केरा घारी क्षति भएको

(बाँकी चौथो पातामा)


तस्वीरः रासस


वीरगंजको घण्टाघरबाट घर छाउन फुसको ओसार्दै दम्पति । मौसम परिवर्तन हुने समयमा जाडोको प्रकोपबाट बच्न पुरानो फुसको घर छाउने गरिन्छ । तस्वीर: पङ्कज श्रेष्ठ

# डोल्पा पर्यटकको रोजाइमा

जाजरकोट, १० कात्तिक/रासस

नेपालकै सबैभन्दा गहिरो ताल हो, शे–फोक्सुण्डो। वरिपरि पहाडले घेरिएको बीचमा रहेको वाई आकारको यो ताल समुद्री सतहबाट तीन हजार ६११ मिटर उचाइमा अवस्थित छ। तालको लम्बाइ ४.८ किलोमिटर र चौडाइ १.६ किलोमिटर छ। नेपालको गहिरो यो तालको गहिराइ ६५० मिटर छ। कान्जिरोवा हिमालको काखमा सजिएर बसेको यो तालले बेलाबेलामा रङ बदल्छ भनिन्छ। हिमालको काखमा रहेको यो ताल सफा र कञ्चन हिमाल पग्लिएर बनेको छ।

शे–फोक्सुण्डो नेपालको सबैभन्दा ठूलो राष्ट्रिय निकुञ्ज पनि हो। यो डोल्पा र मुगु जिल्लामा फैलिएको छ। नेपालको पश्चिमी दुर्गम हिमालपारि क्षेत्रमा रहेको यस निकुञ्जमा तिब्बती वातावरणमा पाइने प्राकृतिक सम्पदा पाइन्छ। यहाँ तल्लो हिमाली क्षेत्रदेखि लिएर उच्च हिमाली र हिमालपारि क्षेत्रको तिब्बती भूमिसम्मको भूधरातल भएकाले हिउँ चितुवा, तिब्बती खरायो, चिरु, तिब्बती गधा, नाउरलगायत हिमाली क्षेत्रमा पाइने वन्यजन्तु पाइन्छन्।

यस निकुञ्जलाई डाँफे, मोनाल, चिरलगायत २०० प्रजातिका पक्षी, छ प्रजातिका सरिसृप र ३२ प्रजातिका पुतलीले जैविक विविधतामा अझ धनी बनाएको छ। यहाँ पाइने हिउँ चितुवाको आहारविहारबारे वैज्ञानिक अनुसन्धानको नतीजाले यो निकुञ्ज हिउँ चितुवाका लागि सबैभन्दा उपयुक्त बासस्थान प्रमाणित भएको छ। कान्जिरोवा दक्षिण (६,८६६ मि), सिकाल्पो खाङ (६,५५६ मि.), वेज चुचुरो (७,१३९ मिटर) जस्ता हिमशिखरहरू र कतिपय हिमनदीले यस निकुञ्जलाई अनुपम प्राकृतिक सुन्दरता प्रदान गरेका छन्।

निकुञ्जको लगभग मध्य भागमा रहेको नेपालको सबैभन्दा गहिरो शे–फोक्सुण्डोताललाई सन् २००७ मा रामसारमा सूचीकृत गरिएको छ। ११औं शताब्दीमा निर्मित शे–गुम्बा पनि यहीं छ। गुम्बामा तिब्बती बौद्ध धर्मको शिक्षा दिइन्छ। यो राष्ट्रिय निकुञ्जलाई विश्व सम्पदा सूचीमा राख्न सिफारिश गरिएको छ। निकुञ्जको आम्दानी नगण्य भएकाले मध्यवर्ती क्षेत्रका बासिन्दाको चाहना अनुसारका एकीकृत संरक्षण र सामुदायिक विकासका कार्यक्रमहरू सञ्चालन गर्न सकिएको छैन। डोल्पा सडक सञ्जालसँग जोडिएपछि अहिले यो ताल आन्तरिक पर्यटकको प्रमुख रोजाइमा पर्न थालेको छ। सडक सञ्जालले छोए पनि यहाँसम्म पुग्न भरपर्दो विकल्प भनेको हवाईजहाज नै हो।

तालको मनोरम दृश्यले जसलाई पनि मोहित बनाउँछ। पछिल्लो समय फोक्सुण्डो ताल आकर्षणको केन्द्र बन्ने गरेको छ। सडकमार्ग हुँदै यहाँ पुगेमा यात्रा निकै रमाइलो छ। त्यस्तै हवाई मार्गमार्फत गएमा झनै मन लोभ्याउने दृश्य देख्न सकिने पर्यटकहरू बताउँछन्। बास बस्नका लागि ठाउँठाउँमा होटेलहरू निर्माण गर्ने क्रम जारी छ। बाटोमा जतिसुकै दुःख पाए पनि तालसम्म पुग्दा पर्यटकलाई लोभ्याउने प्राकृतिक क्षमता छ। डोल्पा मात्र होइन, छिमेकी जिल्लाको समृद्धिको ठूलो आधार ताल बन्न सक्छ। ताल शे–फोक्सुण्डो राष्ट्रिय निकुञ्जभित्र छ।

**राज्यको लगानी न्यून**

कर्णालीमा रहेका पर्यटकीय क्षेत्रहरूको विकास, समृद्धि र संसारलाई आकर्षित गर्न सक्ने क्षमता भएपनि राज्यले ध्यान नदिंदा यहाँको हीरा पनि कीराका रूपमा परिणत हुनुपरेको कर्णालीवासीको गुनासो छ। राज्यको लगानी तथा भरपर्दो रूट निर्माणमा ध्यान नदिंदा माल पाएर चाल नपाएझैं भएको टानका कार्यसमिति सदस्य जीतेन्द्र झाँक्री बताउँछन्। निजी क्षेत्रबाट स्थानीयवासीले दुःख गरी निर्माण गरिएका होटेल, घरबास मात्र फोक्सुण्डोमा रहेको छ। याम छोपेर मात्र यहाँका गतिविधिहरू



नेपालकै सबैभन्दा गहिरो ताल हो, शे–फोक्सुण्डो। तस्वीरः फाइल

चल्ने भएकाले स्थानीयवासीलाई समेत दुःख भएको झाँक्रीले बताए।

छिञ्चु जाजरकोट हुँदै डोल्पासम्म जाने सडकको ट्र्याक खोलेसँगै फोक्सुण्डो ताल आन्तरिक तथा बाह्य पर्यटकको प्रमुख रोजाइमा पर्न थालेको छ। अहिले जाजरकोट खण्डमा पुल निर्माणको काम करीब ८० प्रतिशत सकिएको छ भने डोल्पा खण्डमा निर्माण जारी छ। जाजरकोट सदरमुकामदेखि १७ किलोमिटरमा रहेको ठूलीभेरी र सानीभेरीका सङ्गमस्थल रिम्नासम्म पिचको काम जारी रहेको छ। त्योभन्दा माथि जाजरकोटको अन्तिम बिन्दु तल्लु बगरसम्म पिचका लागि केही दिनमैं बोलपत्र आह्वान गर्न लागिएको सडक डिभिजन चौरजहारीका प्रमुख ध्रुव झाले बताए।

जाजरकोटदेखि दुनै सडक ११७ किलोमिटरमा १४ वटा पुल निर्माण गर्ने काम जारी छ। शे–फोक्सुण्डो मात्र नभएर उपल्लो डोल्पामा आन्तरिक पर्यटक बढाउनका लागि भौतिक संरचना निर्माणमा भारी जोड दिनु जरुरी छ। संसारमैं लोपोन्मुख हिउँ चितुवासमेत यही निकुञ्ज क्षेत्रमा पाइन्छ। अहिले सो ठाउँमा रहेका चारवटा हिउँ चितुवालाई रेडियो कलर जडान गरी अध्ययन थालिएको निकुञ्जले जनाएको छ। प्राकृतिक सुन्दरतामा मात्र नभएर सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक दृष्टिले पनि निकै धनी छ डोल्पा। डोल्पाको सुन्दर पक्षले जति ख्याति पाएको छ, त्यस अनुसार पर्यटक जान नसक्दा नीति निर्माण तहमा बस्नेलाई सधैं यस क्षेत्रका जनसाधारणले आक्रोश पोख्दै आएका छन्।

सुर्खेतको छिञ्चुदेखि जाजरकोट हुँदै तल्लोबगरसम्म, तल्लोबगरदेखि खदाङसम्म, खदाङदेखि त्रिपुराकोटको कान्तिबजारसम्म र कान्तिबजार हुँदै डोल्पाको सदरमुकाम दुनै सडक मार्गबाट पुग्न सकिन्छ।

हवाईजहाजबाट जाने हो भने अहिले काठमाडौंदेखि डोल्पाको जुफाल विमानस्थलसम्म यात्रुको चाप अनुसार नेपाजगंजदेखि जुफालसम्म हवाईसेवा नियमित छ। जुफालदेखि डोल्पाको सदरमुकासम्म जीपमा एक घण्टा लाग्छ। त्यसपछि फोक्सुण्डो जान पैदल यात्रा तय गर्नुपर्ने हुन्छ। दुनैदेखि तीन दिनको पैदल यात्रापछि फोक्सुण्डो तालको मनोरम दृश्यावलोकन गर्न सकिन्छ।

**धार्मिक महत्त्व उत्तिकै**

डोल्पा जाने मुख्यद्वारमा बाला त्रिपुरासुन्दरी देवीको उत्पत्तिस्थल, सतीदेवीको एक अङ्ग पतन भएको ठाउँ र दश महाविद्यासमेत उत्पत्ति भएकाले मन्दिरको विशिष्टता छ। बाला त्रिपुरासुन्दरी मन्दिरस्थललाई ‘त्रिपुराकोट’ पनि भनिन्छ। यो पुरानो तिब्रिकोट जिल्लाको सदरमुकाम क्षेत्र हो।

यहाँको सुरम्य डाँडाको मन्दिर परिसरमा चारैतर्फ सत्तल एवं पार्टी–पौवाहरूले घेरिएको बीचमा भगवतीको मन्दिर छ। मन्दिरको दक्षिणतर्फ रहेको एक प्राकृतिक शिलालाई ‘त्रिपुरादेवी’ भनिंदै आएको छ। यो एउटा भगवतीको भावनात्मक ‘शक्तिपीठ’ हो।

त्रिपुरासुन्दरी धार्मिक पर्यटन क्षेत्र कर्णाली प्रदेशको सबैभन्दा ठूलो त्रिपुरासुन्दरी नगरपालिकामा पर्दछ। ईसं १११४ मा स्थापना भएको विश्वास गरिने यो मन्दिर भौगोलिकरूपमा पनि पृथक छ। यसको चारैतिर होचो भूभाग र दायाँ/बायाँ, तलमाथि विशाल नदीले घेरेको ठाउँ छ। यहाँ बीचैमा उठेको थुम्को र त्यसैको थाप्लोमा अडिएको विशाल संरचना छ। करीब सात हजार फिटको उचाइमा यो तीर्थस्थल रहेको छ।

मन्दिर नेपालका परम्परागत मन्दिरभन्दा फरक शैली र आकारको छ। ईसं १११४ मा स्थापना भएको विश्वास गरिने यो मन्दिर भौगोलिकरूपमा पनि पृथक छ। यस मन्दिरको पश्चिममा ताम्रवर्णी नदी, उत्तरमा मुकुटेश्वर हिमाल, दक्षिणमा भैरवी गङ्गालगायतका प्रसिद्ध तीर्थस्थल रहेका छन् भने बीचको टाकुरामा यस मन्दिर अवस्थित छ।

उत्तरतर्फबाट आउने ताम्रवर्णी, पूर्वबाट आउने सुन्दरी खोला र दक्षिणतर्फबाट झर्ने भैरवी खोलाको सङ्गमस्थल (दोभान)भन्दा अलिकति माथि डाँडाको टुप्पामा बालात्रिपुरासुन्दरी देवीको मन्दिर रहेको छ। यहाँ उत्तर र पूर्वबाट आउने खोलालाई ‘छलगाड’ भनिन्छ। यसै सङ्गमस्थलबाट भेरी नदीको सुरुआत हुन्छ।

धार्मिक मान्यता अनुसार बाला त्रिपुरासुन्दरीबाट उडेर पुतलीरूपी देवीहरू बाँकेको बागेश्वरी, जुम्लाको कनिका सुन्दरी, सल्यानको खैरबाँङ, बैतडीको रणसैनी त्रिपुरेश्वरी, बाजुराको बडीमालिकालगायतका ठाउँमा गई त्यहाँ यिनै नामले प्रसिद्ध छन्। बाँकी चार बहिनी देवी, बाला, त्रिपुरा, सुन्दरी डोल्पाको त्रिपुरासुन्दरीमा रहेको धार्मिक विश्वास छ। विराजमान चार देवी महाकाली, महालक्ष्मी, महासरस्वतीका नामले प्रसिद्ध छन्। परापूर्वकालदेखि नै यस मन्दिरमा न्यौपाने थरका पुजारीले पूजाआजा गर्दै आएका छन्। यो मन्दिर नेपालमा रहेका त्रिपुरासुन्दरी देवीका मन्दिरमध्ये प्रमुख शक्तिपीठ हो। त्रिपुरासुन्दरी देवीको उत्पत्तिस्थल, सतीदेवीको अङ्ग पतन भएको ठाउँ र दशमहाविद्या समेत उत्पत्ति भएका कारण मन्दिरको अझ बढी महत्त्व रहेको इतिहासका जानकार रविप्रसाद न्यौपानेले बताए।

स्वस्थानीमा उल्लेख भए अनुसार सतीदेवीको अङ्ग (ढाड) पतन भएको शक्तिपीठका रूपमा यसलाई मानिन्छ। यस क्षेत्रमा वर्षाका देवता मेघले तपस्या गरेकाले चरम खडेरी परेको बेला पूजापाठ गरे पानी पर्ने जनविश्वास छ। सतीदेवीको अङ्ग पतन भएपछि शक्ति स्वरूपाका रूपमा भैरवेश्वर महादेव उत्पत्ति भएको किंवदन्ती रहेको न्यौपानेले बताए।

सरकारले देशभरका १०० वटा नयाँ पर्यटकीय गन्तव्यको सूची सार्वजनिक गरेकामा डोल्पाका पनि तीन सम्पदा पर्यटकीय गन्तव्यमा परेका छन्। शे–फोक्सुण्डो राष्ट्रिय निकुञ्ज, त्रिपुरासुन्दरी मन्दिर, रारा–फोक्सुन्डो मार्ग नयाँ गन्तव्यको रूपमा छनोटमा परेका हुन्। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्राकृतिक, पुरातात्त्विक, ऐतिहासिक तथा धार्मिक महत्त्वका आधारमा नयाँ पर्यटकीय गन्तव्यभित्र डोल्पाका तीनवटा सम्पदा परेका थिए।

नेपालकै ठूलो निकुञ्जको रूपमा रहेको शे–फोक्सुण्डो राष्ट्रिय निकुञ्ज, देशकै गहिरो फोक्सुण्डो ताल, सुलिगाड झरना, सयौं वर्ष पुराना बुद्धमूर्तिहरू रहेको शे–गुम्बा, विश्वको सबैभन्दा अग्लो मानवबस्ती रहेको धो उपत्यकालगायतका चर्चित प्राकृतिक सम्पदा पनि यसै निकुञ्जभित्र पर्दछन्। अर्को गन्तव्यको रूपमा हिन्दू धर्मावलम्बीको आस्थाको केन्द्र त्रिपुरासुन्दरी मन्दिर सूचीकृत भएको थियो।

शे–गुम्बा, संसारकै अग्लो मानवबस्ती तिन्जे गाउँ, जगदुल्ला ताल, सुनदह, राजारानी क्षेत्रलगायतका दर्जनौं चर्चित पर्यटकीय सम्पदाका साथै पाँच हजार मिटरभन्दा अग्ला दर्जनौं हिमाल पनि डोल्पामा पर्दछन्। डोल्पामा सबैभन्दा धेरै फोक्सुण्डोबाट शे–गुम्बा हुँदै धो तराप उपत्यका भएर पदयात्रा गर्नेको सङ्ख्या बढी छ।

## केरा बगानमा......

स्थानीयवासी वीरेन्द्रकुमार साहले जानकारी दिए।

अविरल वर्षासँगै चलेको हावाहुरीका कारण दुई वर्षअघि सञ्चालनमा आएको सो केरा बगानमा रु २५ लाखभन्दा बढीको लगानी डुबेको फार्मका सञ्चालक उमेश साहले बताए। उनले भने, “शुरूका वर्ष राम्रै कमाइ भएको तर यसपटक हावाहुरी र वर्षाले लगानीसमेत डुबायो, घरका सबै जग्गा जमीन बैंकमा धितो राखेर ऋण उठाएर बगानमैं लगानी गरें तर प्राकृतिक प्रकोपले सबै बर्बाद गरिदियो।”

छठ पर्वमा केराको बिक्री राम्रो हुन्छ। कतिपय केराको घारी त्यस बेलासम्म तयार भइसक्ने र छठमा बेच्ने योजना रहेको उनले सुनाए।

यही कात्तिक १ र २ गते भएको वर्षा र हावाहुरीले उनले लगाएको केराबाली नष्ट गरेको हो। वर्षा र हावाहुरीले लगाएका अधिकांश केराका बोट लडाएको छ।

शिक्षण पेशा छाडेर कृषि पेशामा लागेकामा अहिले पछुतो लागिरहेको जनाउँदै दश वर्ष शिक्षण पेशामा आबद्ध रहेका साहले कृषिमा राम्रो आम्दानी होला भन्ने सोचका साथ यो पेशामा लागेको बताए।

बाली कृषि बीमाका लागि सम्बन्धित ठाउँमा निवेदन दिंदा हालसम्म त्यसको सुनुवाइ नभएको उनले गुनासो गरे। उनीसँगै अरू किसानको केराबालीमा समेत क्षति पुगेको बताइएको छ।

## फरक समाचार

### राति सुत्नुअघि ग्रीन टी पिउँदा के हुन्छ ?

ग्रीन टी स्वास्थ्यको लागि निकै फाइदाजनक हुन्छ। यसमा पाइने पौष्टिक तत्त्वले तपाईंलाई धेरै किसिमले फाइदा पुऱ्याउँछ तर यसको मात्रालाई ध्यानमा राख्नुपर्छ। केही मानिस दिनभरि धेरै कप ग्रीन टी पिउने गर्छन्। यसले तपाईंलाई फाइदा गर्दैन। त्यसैगरी, धेरै मानिस राति सुत्नुअघि ग्रीन टी पिउने गर्छन्। यसले फाइदा पुऱ्याउँछ भन्ने विश्वास गरिन्छ तर विज्ञहरूका अनुसार ग्रीन टीले तपाईंको निद्रामा असर गर्छ।




ग्रीन टी पिउने सही समय के हो भन्नेबारेमा धेरै अनुसन्धान भएको छैन। तर हरियो चियामा पाइने क्याफिनको थोरै मात्राले निद्रामा असर पार्न सक्छ र मस्तिष्कको सतर्कता बढाएर निद्रामा गडबडी गराउन सक्छ। रातिमा हरियो चिया पिउनुहुन्छ कि हुँदैन भनेर प्रमाणित गर्ने कुनै पनि अनुसन्धान भएको छैन।

सुत्नुअघि धेरै तरल पदार्थ पिउँदा बारम्बार पिसाब लाग्न सक्छ, जसले निद्रामा बाधा पुऱ्याउँछ। यस्तो अवस्थामा राति थोरै मात्रामा र सुत्दा कम मात्रामा ग्रीन टी पिउन सकिन्छ। विज्ञहरूका अनुसार दिनमा दुई/तीन कपभन्दा बढी ग्रीन टी पिउनुहुँदैन। तपाईं दिन र साँझमा हरियो चिया पिउन सक्नुहुन्छ। बढी मात्रामा ग्रीन टी पिउनाले वाकवाकी लाग्ने, अनिद्रा हुने र एनिमिया हुन सक्छ। सबैभन्दा पहिले ग्रीन टी किन पिउने जान्न जरुरी छ। हरियो चिया क्यामेलिया सिनेन्सिस प्लान्टको पातबाट निकालिन्छ, जुन एन्टिअक्सिडेन्ट र पोषक तत्त्वले भरपूर हुन्छ। हरियो चियाले स्नायुलाई आराम दिन्छ, मस्तिष्कको कार्यक्षमता बढाउँछ र शरीरमा फ्रि रेडिकलका कारण हुने कोषिकाको क्षतिलाई कम गर्छ।

हरियो चियामा क्याटेचिन नामक यौगिक पाइन्छ, साथै एपिगालोकाटेचिन ग्यालेट (EGCGC) र Epigallocatechin (EGC) नामक एन्टिअक्सिडेन्ट पाइन्छ। यसका अलावा यसमा थेनाइन एमिनो एसिड पनि हुन्छ, जसले स्नायुलाई मदत गर्छ। यसले मस्तिष्कलाई आराम दिने, मस्तिष्कको स्वास्थ्यमा सुधार गर्ने, स्मरणशक्ति बढाउने, तनाव कम गर्ने र राम्रो निद्रा ल्याउने काम गर्छ।

### यस्ता महिलाप्रति पुरुष आकर्षित हुन्छन्

महिलाहरू आफ्नो उमेरभन्दा धेरै ठूला पुरुषहरूप्रति आकर्षित हुनु कुनै आश्चर्यको कुरा होइन। तर के तपाईंले कहिल्यै सोच्नुभएको छ कि बढी उमेरका पुरुषहरू कस्ता महिलाहरूप्रति आकर्षित हुन्छन् ? यो स्पष्ट छ कि एक उमेरपछि, रूप प्रमुख प्राथमिकतामा रहँदैन। बढ्दो उमेरमा पुरुषले पनि महिलाले जस्तै माया, विश्वास र सुरक्षाको बारेमा सोच्न थाल्छन्। पुरुषहरू पनि महिला जस्तै सम्मान पाउन चाहन्छन्। यस सम्बन्धमा टाइम्स अफ इन्डियाले एक रिलेसनशिप सर्भे गरेको छ, जसमा निकै रोचक कुराहरू बाहिर आएका छन्। एक उमेरपछि पुरुष कस्ता महिलाप्रति बढी आकर्षित हुन्छन्।



एक निश्चित उमेरपछि पुरुषहरू फुर्तिलो र जीवन्त महिलाहरूप्रति बढी आकर्षित हुन्छन्। उनीहरू धेरै हँसिलो र खुशी हुने महिलाहरू मन पराउँछन्, जसले गर्दा वरपरको वातावरणमा पनि खुशियाली छाओस्।

४० वर्ष उमेरका पुरुषहरू यस्ता महिलाहरू मन पराउँछन्, जसले सुरक्षाको अनुभूति गराओस्। जसको काँधमा टाउको राखेर दुःख बाँड्न सकियोस्। उनीहरू माया गर्ने, हेरचाह गर्ने महिलाहरूलाई बढी मन पराउँछन्।

केटाकेटीलाई माया गर्ने र बालबालिकासँग समय बिताउन चाहने महिलाहरूप्रति पुरुषहरू बढी आकर्षित हुन्छन्। पुरुषहरू विश्वास गर्छन् कि त्यस्ता महिलाहरू सहयोगी हुन्छन्।

कतिपय पुरुषलाई ती महिलाहरू मन पर्छन्, जो रहस्यमयी र चाखलाग्दा हुन्छन्। त्यस्ता महिलाहरू आफ्नोबारेमा धेरै खुलासा गर्दैनन् तर अगाडिको व्यक्तिले आफूलाई माया गरोस् भन्ने चाहन्छन्।

कतिपय पुरुष कम उमेरका महिलाहरूलाई डेट गर्न रुचाउँछन्। यसो गरेर उनीहरू आफ्नो युवावस्थालाई फेरि जीवन्त पार्न चाहन्छन्।

### समीर र शाहरूखबीच १० वर्ष पुरानो सम्बन्ध

शाहरूख खानका छोरा आर्यन खानलाई पक्राउ गर्ने एनसिबी अधिकारीको अहिले निकै चर्चा छ। लागूऔषध नियन्त्रण ब्यूरो (NCB)का अञ्चल निर्देशक समीर वानखेडे अहिले विवादमा फसेका छन्। एनसिपी नेता नवाब मलिकले समीर वानखेडेमाथि धेरै गम्भीर आरोप लगाएका छन्। हाई प्रोफाइल रेभ पार्टी लागूऔषध प्रकरणमा समीरले अनुसन्धान गरिरहेका छन्। समीरको व्यक्तिगत र व्यावसायिक जीवन दुवैको चर्चा अहिले भइरहेको छ। समीर र शाहरूख यसअघि पनि आमनेसामने भइसकेका छन्।



इन्डिया टुडेमा प्रकाशित रिपोर्ट अनुसार आजभन्दा १० वर्षअघि सन् २०११ मा समीर वानखेडेले शाहरूखलाई कारबाही गरेका थिए। शाहरूख लन्डन र हल्यान्डबाट छुट्टी मनाएर परिवारसँग भारत फर्केका थिए। त्यति बेला वानखेडे भन्सार विभागमा थिए। उनले शाहरूखलाई २० वटा झोलामा सामान ल्याएकाले विमानस्थलमा रोकेका थिए। यस मामिलामा समीरले शाहरूखलाई लामो समयसम्म प्रश्न गरेका थिए। यतिमात्र होइन, सीमाभन्दा बढी सामान ल्याएकामा शाहरूखलाई डेढ लाख रुपैयाँ जरिवाना पनि गरिएको थियो। अब यो मुद्दा समाप्त भएको १० वर्षपछि उनीहरू दुवैजना फेरि आमनेसामने भएका छन्। यसपटक आर्यन खानलाई लागूऔषध मुद्दामा समीरले पक्राउ गरेका छन्। शाहरूखका छोरा आर्यनलाई २ अक्टोबरमा रेभ पार्टीबाट पक्राउ गरिएको थियो। एनसिबीले आर्यनमाथि धेरै गम्भीर आरोप लगाएको छ।

आर्यन खान, अरबाज मर्चेन्ट र मुनमुन धमेचाको जमानत आवेदन अक्टोबर २० मा खारेज भएको थियो। मुम्बई उच्च अदालतमा उनको जमानत याचिकामाथिको सुनुवाइ २६ अक्टोबरमा केही घण्टासम्म चलेको थियो। अब यस मुद्दाको सुनुवाइ आज बुधवार पनि भएको छ। तीनैजना हाई प्रोफाइल रेभ पार्टी लागूऔषध मामिलामा पक्राउ परेका हुन्। अभियुक्तहरू अहिले मुम्बईको आर्थर रोड जेलमा रहेका छन्।

*– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)*

# अन्तर्राष्ट्रिय समाचार

## सुडानका प्रधानमन्त्री रिहा

खार्तुम, १० कात्तिक/एएफपी

सुडानी प्रधानमन्त्री अब्दल्ला हम्डकलाई मङ्गलवार अबेर राति रिहा गरिएको उनको कार्यालयले जानकारी दिएको छ। अन्तर्राष्ट्रियरूपमा भएको कडा दबाबपछि उनलाई सैन्य कूबाट हटाइएको छ।


पत्रकार सम्मेलनमा बोल्दै सुडानी प्रधानमन्त्री अब्दल्ला हम्डक। तस्वीरः फाइल

यद्यपि सेनाले हम्डकलाई 'निकट निगरानीमा' राखिएको बताएको छ। अन्य मन्त्री र नागरिक नेता गिरफ्तारमा नै रहेका उनको कार्यालयले थप जानकारी दिएको छ।

सैन्य कूपछि अमेरिका र इयूले सुडानलाई दिइरहेको सहायता निलम्बन गर्ने चेतावनी दिएको थियो।

यसैबीच संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सुरक्षा परिषद्को आपत्कालीन बैठक शुरू हुनुभन्दा अगाडि नै हम्डकलाई 'तुरुन्त रिहा गर्न' माग गरेका थिए।

बैठकअघि संयुक्त राष्ट्रसङ्घका लागि रूसका उपराजदूत दिमित्री पोल्यान्स्कीले काउन्सिलले सबै पक्षबाट हिंसा रोक्न अपील गर्नुपर्ने बताएका थिए।

लामो समयदेखि निरङ्कुश शासक ओमार अल–बशिरलाई सन् २०१९ अप्रिलमा विशाल सडक विरोधका क्रममा सेनाले अपदस्थ गरेपछि सेना र नागरिक बीचको नाजुक शक्ति बाँडफाँड व्यवस्थाको परिणाम नै यो 'कू' भएको बताइन्छ।

गत सोमवार सुडानको सेनाले प्रधानमन्त्री अब्दल्ला हम्डकसहित दर्जनौं नेतालाई गरिफ्तार गरेको थियो। प्रधानमन्त्री हम्डकलाई अपदस्थ नै गरेर सेनाले सत्ता नियन्त्रणमा लिएको विदेशी सञ्चारमाध्यमद्वारा जारी समाचारमा जनाइएको थियो।


सत्ताविद्रोह गरेको सेनाले प्रधानमन्त्रीलाई पदत्याग गर्न भनेपछि उनले अस्वीकार गरेपछि सेनाले प्रधानमन्त्री हम्डकलाई नियन्त्रणमा लिएका थियो।

नागरिक अगुवासमेत सम्मिलित सुडानी सरकार र सेनाबीचमा पछिल्लो केही समयदेखि सम्बन्धमा तिक्तता आएको थियो। रासस

## तालिबानीहरूसँग भेटवार्ता लाभदायक –चिनियाँ विदेशमन्त्री

दोहा, १० कात्तिक/सिन्ह्वा

चिनियाँ विदेशमन्त्री वाङ यीले अफगानिस्तानको अन्तरिम सरकारका


चिनियाँ विदेशमन्त्री वाङ यी। तस्वीरः सिन्ह्वा

अधिकारीहरूसँग भएको भेटवार्ता सकारात्मक रहेको बताएका छन्। अफगानिस्तानको अन्तरिम सरकारका अधिकारीहरूसँग उनले भेटवार्ता गरेका थिए। सो भेटले आपसी विश्वासमा वृद्धि भएको जानकारी विदेशमन्त्री वाङ यीले गराएका छन्।

विदेशमन्त्री वाङ यीले अफगानिस्तानको अन्तरिम सरकारका उपप्रधानमन्त्रीसँग कतारको राजधानी दोहामा भेटवार्ता गरेका थिए। उनले मङ्गलवार भएको भेटमा द्विपक्षीय भेटका क्रममा आपसी विश्वासमा वृद्धि हुनुका साथै कतिपय विषयमा स्पष्ट छलफल भएको बताए।

भेटका क्रममा अफगानिस्तानको पछिल्लो अवस्थाबारे कुराकानी भएको बताइएको छ। सो भेटमा तालिबानीहरूले आफ्नो सरकारको नीतिबारे विदेशमन्त्री वाङ यीलाई जानकारी दिएका थिए।

अफगानिस्तानको अन्तरिम सरकारका विदेशमन्त्री अमीर खान मुतागीले अफगानिस्तानको तालिबान सरकारले देशभित्र आतङ्कारी गतिविधिमा निगरानी राख्ने र मानव अधिकारका पक्षमा काम गर्ने बताएका थिए।

हाल अफगानिस्तानको सरकार महिला अधिकारका विपक्षमा रहेको भन्दै यसका लागि विश्व समुदायले पनि चासो राखिरहेको छ।

यस विषयमा अफगानिस्तानका विदेशमन्त्रीले स्पष्ट पारेका थिए। उनले हाल अफगानिस्तानले महिला अधिकार, बाल अधिकारका साथै बालबालिकाको अवस्थाबारे पनि निकै चनाखो भएर काम गरेको बताएका थिए। रासस

## आइएसको आक्रमणमा दशजनाको मृत्यु

बग्दाद, १० कात्तिक/सिन्ह्वा

इराकको पूर्वी प्रान्त दियालामा आइएसको आक्रमणमा परेर कम्तीमा पनि १० जनाको ज्यान गएको छ। प्राप्त समाचार अनुसार सो आक्रमणमा परी अरू १२ जना घाइते भएका छन्।

दियाला प्रान्तका प्रहरी प्रवक्ताका अनुसार उक्त प्रान्तमा आइएसका आक्रमणकारीले यहाँ पछिल्लो समयमा हिंसात्मक क्रियाकलाप अघि बढाएकाले इराकी सेनाले कारबाही शुरू गरेको थियो।

इराकी राष्ट्रिय सुरक्षा निकायले उक्त प्रान्तमा पछिल्लो समयमा सुरक्षा व्यवस्था कडा पारेर आइएसको खोजी अभियानलाई तीव्र पारेको बताएको छ।

त्यस क्रममा गत हप्ता मात्र पनि दियाला प्रान्तमा यहाँका सुरक्षा निकायले गरेको कारबाहीका क्रममा आइएसका केही सदस्यको निधन भएको थियो।

इराकी सरकारले इराकका विभिन्न स्थानमा आइएसका हिंसात्मक गतिविधि बढ्दै गएको भन्दै खोजी अभियान थालेको जनाएको छ। रासस

### सच्याइएको

यस दैनिकको वर्ष ३५ अङ्क ६४को पाँचौं पातामा प्रकाशित एमालेको जीराभवानी गापाको अधिवेशनमा कार्यक्रम सञ्चालक वटेश्वर चौधरी हुनुपर्नेमा अन्यथा हुनु भएकोमा सच्याइएको छ। –स.सम्पादक

### आजको राशिफल

| | |
|---|---|
| मेष – उदरपीडा | वृष – विजय |
| मिथुन – कान्तिक्षय | कर्कट – भाग्योदय |
| सिंह – बेचैनी | कन्या – मनोरञ्जन |
| तुला – कर्मप्राप्ति | वृश्चिक – राज्यभय |
| धनु – रोगभय | मकर – यात्रालाभ |
| कुम्भ – कडापरिश्रम | मीन – कार्यनाश |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


## रेडियो सान्भी म्युजिक अवार्ड कात्तिक २२ गते हुने

प्रस, वीरगंज, १० कात्तिक/

वीरगंजबाट प्रसारण हुने रेडियो सान्भीले कात्तिक २२ गते रेडियो सान्भी म्युजिक अवार्ड–२०७८ आयोजना गर्ने भएको छ।

नेपाल पत्रकार महासङ्घ पर्सामा हिजो पत्रकार सम्मेलन गरी रेडियो सान्भीले कात्तिक २२ गते प्रथम रेडियो सान्भी म्युजिक अवार्ड–२०७८ आयोजना गर्न गइरहेको कार्यक्रम संयोजक दीपक गौतमले बताए।

उनले गीत, सङ्गीतको क्षेत्रमा भविष्य खोज्दै सङ्घर्ष गरिरहेका स्थानीय कलाकारहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले सान्भी म्युजिक अवार्ड कार्यक्रम गर्न लागेको प्रस्ट्याए।

पत्रकार सम्मेलनका प्रमुख अतिथि नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारीले रेडियो, गीत–सङ्गीत र कलाकार एकापसमा जोडिएकाले यो क्षेत्रमा क्रियाशील कलाकारलाई सम्मानित गर्ने उद्देश्यले आयोजना गर्न लागेको कार्यक्रमको सफलताको कामना गरे।

कलाकार अजमत अलिले कलाप्रेमीहरूलाई उत्साहित बनाएको बताए। भोजपुरी गायक सुनील पण्डितले



तस्वीरः प्रतीक

अवार्ड कार्यक्रमले कलाकारहरूमा ऊर्जा थप्ने विश्वास व्यक्त गरे। चलचित्र पत्रकार सङ्घ पर्साकी अध्यक्ष नीलिमा पौडेलले वीरगंजमा रेडियो सान्भीले पहिलोपटक म्युजिक अवार्ड गर्न लागेकोमा खुशी व्यक्त गरिन्।

रेडियो सान्भीका स्टेशन म्यानेजर सतेन्द्र यादवले स्थानीयस्तरका कलाकारलाई हौसला र प्रोत्साहन गर्ने र यहाँको कलालाई देशैभर स्थापित गर्न सघाउने अभिप्रायले म्युजिक अवार्ड आयोजना गर्न लागेको बताए। उनले विभिन्न दश विधाका कलाकारहरूलाई सम्मानित गरिने बताए। कार्यक्रमको सहजीकरण सूर्य विश्वकर्माले गरेका थिए।

## छिपहरमाईमा काङ्ग्रेसको शुभकामना आदानप्रदान

प्रस, भिस्वा, १० कात्तिक/

छिपहरमाई गाउँपालिका–५ भिस्वामा


तस्वीरः प्रतीक

नेपाली काङ्ग्रेसको तिहार र छठ पर्वको उपलक्ष्यमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ।

नेपाली काङ्ग्रेस छिपहरमाई गापा सभापति धुरेन्द्र साहको सभापतित्व र नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य रमेश रिजालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा दीपावली एवं छठ पर्वको अवसरमा शुभकामना आदानप्रदान भएको थियो।

कार्यक्रममा नेता रिजालले एमाले नेताले भारतसित जोडिएको सिमानामा तारबार लगाउने योजना बनाएको आरोप लगाए। उनले भारतसँग रोटीबेटीको सम्बन्ध रहेको चर्चा गर्दै भारतबाट बिहे गरेर आएका बुहारीहरूले सात वर्षपछि नेपाली नागरिकता पाउनुपर्ने एमालेको तर्क रहेको बताए। उनले त्यस्तो कानून पास नभएको र आगामी दिनमा पनि पास नहुने ठोकुवा गरे। राणा र राजाको पालामा नबनेको यस प्रकारको कानून एमालेले बनाउन खोजेको उनको आरोप थियो। पर्सा काङ्ग्रेसका सदस्य नवीन सिंहले छिपहरमाई गापा प्रमुख र प्रदेशसभा सदस्यहरूलाई ठगको संज्ञा दिए। उनले गापा प्रमुखले वार्षिक रु ७५ लाखको पेट्रोलियम पदार्थ खपत गर्नु अनि प्रदेशसभा सदस्यहरूले पनि आफ्नो क्षेत्रमा विकास गर्न नसक्नुले उनीहरूको नियत राम्रो नभएको बताउँदै सतर्क रहन आह्वान गरे।

कार्यक्रममा जिल्ला सचिव किशोरी साह, क्षेत्रीय सभापति रमेश पाण्डेयलगायतको सहभागिता थियो।

## छठको अवसरमा सिक्का जारी गर्न माग

प्रस, वीरगंज, १० कात्तिक/

नेपाल राष्ट्र बैंकसँग हिन्दूहरूको महान् पर्व छठको अवसरमा पनि छठको झझल्को देखिने सिक्का जारी गर्न माग गरिएको छ।

नेपाली काङ्ग्रेस पर्साले अर्थमन्त्री जनार्दन शर्मालाई ज्ञापनपत्र बुझाउँदै यस्तो माग गरेको हो।

मङ्गलवार पर्साका प्रमुख जिल्ला अधिकारी उमेशप्रसाद ढकालमार्फत अर्थमन्त्रीलाई बुझाइएको ज्ञापनपत्रमा नेपालीहरूको विभिन्न चाडपर्वको अवसरमा नेपाल राष्ट्र बैंकले पर्वको झझल्को देखिने गरी सिक्का प्रकाशन गर्दै आएकोमा आगामी दिनमा नेपालीहरूको महान् पर्व छठको अवसरमा पनि छठ पर्व झल्किने सिक्का जारी गर्न अपील गरिएको छ।

नेपाली काङ्गेस पर्साका सभापति



अजयकुमार द्विवेदीको नेतृत्वमा ज्ञापनपत्र बुझाउने टोलीमा नेपाली काङ्ग्रेस पर्साका सचिव श्याम पटेल, नेका पर्सा क्षेत्र १ का सभापति विजय सर्राफ, महिला सङ्घ पर्साकी अध्यक्ष विद्या श्रेष्ठ, प्रेमचन्द दुबे, प्रेमशङ्कर सिंह, हुकुम सिंह, अरविन्द गुप्ता, भवानी घिमिरे, धीरज गुप्ता, राहुल गुप्तालगायतको सहभागिता थियो।

## लागूऔषधसहित सर्लाहीमा दुईजना पक्राउ

प्रस, गरुडा, १० कात्तिक/

लागूऔषधसहित सर्लाहीका दुईजना रौतहटमा पक्राउ परेका छन्। पक्राउ पर्नेमा सर्लाहीको ईश्वरपुर नगरपालिका–५ पोखरियाका २२ वर्षीय रोज महम्मद र सोही पालिका–२ का ३७ वर्षीय देवेन्द्र दास रहेका छन्।

लागूऔषधसहित चन्द्रनिगाहपुरमा एकजना रहेको गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय रौतहट र लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय वीरगंजबाट खटेको संयुक्त टोलीले दुवैजनालाई रौतहटको चन्द्रपुरबाट लागूऔषधसहित नियन्त्रणमा लिएको हो।

रौतहटको चन्द्रपुर नगरपालिका–४ स्थित पूर्व–पश्चिम लोकमार्ग अन्तर्गत पर्ने चन्द्रनिगाहपुर चोकमा रोज महम्मदले पिठ्यूँमा बोकिराखेको झोलामा लुकाइ ल्याएको दशवटा प्याकेटमा तीन हजार ट्याबलेट लागूऔषध Nitraxepam Tablets, IP NITRAVet-10 फेला परेको रौतहट प्रहरीले जनाएको छ।

ठूलो परिमाणमा लागूऔषधसहित मङ्गलवार राति फेला परेका रोज महम्मदलाई सोधपूछको क्रममा लागूऔषध देवेन्द्र दासको भएको भनी बताएकाले दासलाई पनि प्रहरीले चन्द्रनिगाहपुरबाटै नियन्त्रणमा लिन सफल भएको हो।



पक्राउ परेका दुवैलाई अदालतबाट बुधवार म्याद लिई न्यायिक हिरासतमा राखेर अनुसन्धान कार्य गरिरहेको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाएको छ।

# जसपाको योगदान अविस्मरणीय –मुख्यमन्त्री

प्रस, वीरगंज, १० कात्तिक/

उत्पीडित समुदायका लागि लड्ने उत्पीडनका लागि लड्ने पार्टी जसपा भएको र यो पार्टी नै समावेशी भएको एकमात्र पार्टी जनता समाजवादी पार्टी भएको मुख्यमन्त्री लालबाबूराउत गद्दीले बताए।



तस्वीरः प्रतीक

पर्सा जिल्लाको क्षेत्र नं ३ बहुअर्वाभाठामा बुधवार आयोजित शुभकामना आदानप्रदान कार्यक्रमका प्रमुख अतिथि मुख्यमन्त्री गद्दीले दाबी गरे।

उनले मधेसीको हकअधिकार दिलाउने कार्यमा जसपाको योगदान अविस्मरणीय रहेको बताए।

मुख्यमन्त्री गद्दीले मधेसीको पहिचान र हकअधिकारको लागि जसपा निरन्तर लडिरहने दाबी गरे।

कार्यक्रम क्षेत्रीय अध्यक्ष नागेन्द्र यादवको अध्यक्षतामा भएको थियो भने प्रदेशसभा सदस्यहरू मञ्जुर आलम, सिंहासन साह कलवार, करिमा बेगम, वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगी, जसपाका जिल्ला अध्यक्ष रामनरेश यादव, सचिव तबरेज अहमद, गापा अध्यक्ष श्रीलाल साह कानूलगायतले मन्तव्य व्यक्त गरेका थिए।

# पचरौताका विद्यार्थीहरू दोस्रो दिन पनि आन्दोलित

प्रस, सिम्रौनगढ, १० कात्तिक/

बाराको पचरौता नगरपालिकाको कार्यालयमा बुधवार पनि विद्यार्थीहरूको धर्ना जारी रह्यो।

विद्यार्थीहरूको विरोध कार्यक्रममा केही राजनीतिक दलका नेताको पनि सहभागिता देखियो।


तस्वीरः प्रतीक

स्थानीय समाजसेवी जालन्धर सिंहको अध्यक्षता भएको विरोध कार्यक्रममा सहभागीहरूले विद्यार्थीको माग जायज भन्दै एक्यबद्धता जाहेर गरेका थिए। विरोध कार्यक्रममा नेपाली काङ्ग्रेसका प्रभुनाथ पटेल, एमालेका रामबहादुर प्रसाद, ललन चौरसिया, विद्यार्थी राजीव पटेल, सर्वेज गुप्ता, सपना कुमारीलगायतले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रमको सहजीकरण एमालेका सुरेश यादवले गरेका थिए।

पचरौता नगरपालिका–१ पिपरपातीस्थित नेपाल राष्ट्रिय माविमा शिक्षकको अभाव भएको भन्दै विद्यार्थीहरूले शिक्षक माग गर्दै हिजोदेखि आन्दोलन शुरू गरेका हुन्।

विद्यालयमा ११ जना शिक्षकको दरबन्दी रहे पनि शिक्षक अभावले गुणस्तरीय पढाइ नहुँदा विद्यार्थीहरूले शिक्षकको माग गर्दै आएका हुन्। सोही क्रममा विद्यार्थीहरूले शिक्षक संयोजक प्रमोद यादव र नगरप्रमुख रमेशकुमार यादवबाट मागको सम्बोधन चाहेका थिए। तर उनीहरूले माग सम्बोधन नगरेको आक्रोशमा नगरपालिकामा विद्यार्थीहरूले तोडफोड पनि गरे। पचरौता नगरपालिकाका प्रमुख रमेश यादवले विज्ञप्ति जारी गरी विद्यालयका प्रअ रामानन्दप्रसाद साहलाई विद्यालय व्यवस्थापन समिति गठनको लागि बारम्बार ताकेता गरे पनि प्रअले विद्यालय व्यवस्थापन समिति गठन नगरेको र शिक्षकको लागि विज्ञापनसमेत प्रकाशित नगरी सुनियोजित तवरबाट विद्यालय र अभिभावकहरूलाई उस्काएर जालन्धर सिंहलगायतका केही राजनीतिक दलका व्यक्तिहरूले आफ्नो अभीष्ट पूरा गरेको आरोप लगाए। इप्रका सिम्रौनगढका प्रहरी निरीक्षक दीपक सुवेदीले परिस्थिति काबुमा रहेको बताए।

# तीनै तहको सरकारमा काङ्ग्रेसले बहुमत ल्याउँछ –मन्सुर

प्रस, वीरगंज, १० कात्तिक/

नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य फरमुल्ला मन्सुरले आगामी चुनावमा नेपाली काङ्ग्रेसले सङ्घ, प्रदेश र स्थानीय गरी तीनै तहको सरकारमा बहुमत ल्याउने दाबी गरेका छन्।


तस्वीरः सौजन्य

नेका जीतपुरसिमरा उपमहानगर–१२ ले दीपावली र छठ पर्वको अवसरमा आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा केन्द्रीय सदस्य मन्सुरले नेपाली काङ्ग्रेसको बहुमतको सरकार बन्ने ठोकुवा गरेका हुन्।

उनले अहिले काङ्ग्रेसको पक्षमा जनमत रहेको दाबी गर्दै आगामी चुनावमा तीनै तहको सरकारमा काङ्ग्रेसको बहुमत आउने बताए।

नेता मन्सुरले एमाले नेतृत्वको प्रधानमन्त्री ओलीले साढे तीन वर्षसम्म जनताको हितमा काम नगरेको र पार्टी सहकर्मीविरुद्ध प्रपञ्च रचेको आरोप लगाए। ओलीले शक्तिको बलमा नातागोता भर्ती केन्द्र बनाएको र संविधानलाई दुईपटक अपदस्थ गर्न खोजेको आरोप लगाए। उनले अहिलेको अवस्थामा सबैथरीबाट काङ्ग्रेसको बहुमत आउने सम्भावना रहेको दाबी गरे।

नेता मन्सुरले नेपाली काङ्ग्रेसले सबैको अधिकार सुनिश्चित हुनेगरी समन्वयकारी भूमिका खेलेको बताए।

कार्यक्रममा नेका बाराका सभापति जयचन्द चौरसिया, संविधानसभा सदस्य डा शोभाकर पराजुली, रामानन्द यादव, देवेन्द्र उपाध्याय, मुकेश कुशवाहा, श्यामबाबू गुप्ता, नारायणी रायमाझीलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रम वडा नं १२ का बुथ सभापति विश्वनाथ साहको सभापतित्वमा भएको थियो।

# एमाले वीरगंज महानगरको अध्यक्षमा यादव



तस्वीरः प्रतीक

प्रस, वीरगंज, १० कात्तिक/

नेकपा एमाले वीरगंज महानगरपालिका कमिटीको अध्यक्षमा राजेन्द्रप्रसाद यादवलगायत ९२ जना पदाधिकारी सदस्यहरू सर्वसम्मत निर्वाचित भएका छन्।

कात्तिक ८ गते भएको प्रथम महानगर भेलाले नयाँ नेतृत्व चयनका लागि केन्द्रीय सदस्य निर्मला देवकोटाको अध्यक्षतामा गठन गरेको निर्वाचन कमिटीले कात्तिक ९ गते महानगर कमिटीको अध्यक्ष यादव, उपाध्यक्ष महेश दास, सचिव सुन्दर कुर्मी, उपसचिव मुना दाहाल र अनवर अलिसहित ९२ सदस्यीय सर्वसम्मत निर्वाचित भएको घोषणा गरेको उपाध्यक्ष दासले प्रतीकलाई बताए। उनले १०१ सदस्यीय महानगर कमिटी हुने र बाँकी ९ जना सदस्यलाई कमिटीले मनोनीत गर्ने जानकारी गराए।







**चाडपर्वको बेला सवारी साधनमा भीडाभाड नगरौं। मादकपदार्थ सेवन गरि सवारीसाधन नचलाऔं।**

*दुर्घटनाबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# सुक्खा बन्दरगाहमा कामदारको मृत्यु

प्रस, परवानीपुर, १० कात्तिक/

वीरगंज–२५ श्रीसियास्थित श्रीसिया सुक्खा बन्दरगाह भन्सार कार्यालयमा बुधवार बिहान १० बजेपछि उनीहरूले बिसिएन गोदाममा मालसामान लोड, अनलोडको काम ठप्प पारेका थिए।


तस्वीरः प्रतीक

बिसिएन (बोराबन्द) गोदामका पलदारहरू काम ठप्प पार्दै हडतालमा उत्रेका छन्।

काम गर्ने क्रममा घाइते भई उपचारको क्रममा एक मजदूरको मृत्यु भएपछि उचित क्षतिपूर्तिको माग गर्दै करीब ४ सय पलदार (मजदुर) काम ठप्प पार्दै आन्दोलित भएका हुन्।

वीरगंज–२६ आठराहाका ३५ वर्षीय पलदार बिरजु पटेल गत बुधवार सवा ९ बजे पिनाको बोरा मालगाडीबाट अनलोड गर्ने क्रममा बर्खाको पानीले चिप्लिएर लडेका थिए। लडेपछि ५० किलोको बोरा उनको घाँटीमा परेर उनी गम्भीर घाइते भएका थिए।

वीरगंजस्थित एलएस न्यूरो अस्पतालमा प्रारम्भिक उपचार गरी काठमाडौं लगिएकोमा हिजो मङ्गलवार बिहान ३ बजे उनको मृत्यु भएको र बुधवार उनको शव वीरगंज ल्याउने तयारी भइरहेको छ।

वीरगंज–१७ अलौंका करण चौधरीको ठेक्कामा कार्यरत पटेलको परिवारलाई क्षतिपूर्ति नपाएसम्म काम ठप्प पारी आन्दोलन जारी राख्ने मजदूरहरूले बताएका छन्। सुक्खा बन्दरगाहमा नेपाल र भारतका दैनिक ज्यालादारीमा करीब आठ सय मजदूर काम गर्छन्। उनीहरूलाई काममा खटाउने तर स्वास्थ्य सुरक्षा र क्षतिपूर्तिमा ठेकेदारले ध्यान नदिने गरेको मजदूरहरूको गुनासो छ।

यस विषयमा सुक्खा बन्दरगाह भन्सारका प्रमुख भन्सार अधिकृत डा लालबहादुर खत्रीले समस्या समाधानको लागि वार्ता भइरहेको बताए।

पर्साका प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले पीडित परिवारलाई रु ६ लाख क्षतिपूर्ति दिने सहमति भएको र पलदारहरूले काम शुरू गर्ने जनाए।

# वीरगंजका होटलहरूको अनुगमन

प्रस, वीरगंज, १० कात्तिक/

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय र घरेलु तथा साना उद्योग कार्यालयले संयुक्तरूपमा बुधवार वीरगंजका केही होटलको अनुगमन गरेका छन्।

मकालु, पूजन, कैलाश, क्लासिक, वान इलेभेनलगायतका होटलहरूमा अनुगमन गरेको सो कार्यालयले जनाएको छ।

अनुगमनको क्रममा अधिकांश होटलका खाद्य वस्तुहरूमा फोहोर भेटिएको, राम्ररी व्यवस्थापन नभएको र भान्सा कोठा सफासुग्घर नभेटिएको पाइएको अनुगमनमा रहेका एकजना कर्मचारीले बताए।

कतिपय खाद्य सामग्री म्याद नाघेको पाइएको र सम्बन्धित होटल सञ्चालकहरूलाई तीन दिनभित्र सबै चुस्तदुरुस्त पार्न निर्देशन दिएको खाद्य प्रविधि कार्यालयका प्रमुख विकी राउतले बताए। तीन दिनभित्र सबै कुरा व्यवस्थापन नभए कानून अनुसार कारबाई प्रक्रिया अगाडि बढाउने उनले बताए।

यसैगरी, होटल प्रशासनले तीन दिनभित्र सबै व्यवस्थापन गर्ने प्रतिबद्धता जनाएको बताइएको छ।

अनुगमनको क्रममा घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख रीमा साह, सहायक अधिकृत अशोक पाण्डे, महानगरका खाद्य प्रमुख विपिनलाल दास, वीउवासङ्घका मनोजकुमार दास, रामप्रवेश यादव, प्रहरी नायब निरीक्षक हीराबहादुर बुढाथोकीलगायतको सहभागिता थियो।


तस्वीरः प्रतीक